सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा तथ्याङ्क ऐन, २०७९ को दफा ३३ बमोजिम

# वार्षिक प्रतिवेदन

**(आ.व. २०८२/८३)**


नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

२०८३ भदौ

**उद्धरण प्रयोजनार्थः**

राष्ट्रिय तथ्याङ्क कार्यालय (वि.सं. २०८३), ***वार्षिक प्रतिवेदन, २०८२/८३,*** काठमाडौं।

**वार्षिक प्रतिवेदन (चौथो अङ्क)**

आ.व. २०८२/८३


**प्रकाशकः**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

फोन नंः +९७७ १ ५३६५३२३ / ०१-५३२९४०६

इमेलः info@nsonepal.gov.np

वेबसाइटः https://nsonepal.gov.np

प्रकाशन वर्षः २०८३ भदौ

प्रकाशन प्रतिः ५०

मुद्रकः

## विशेष मार्गदर्शन

| | | |
|---|---|---|
| प्रमुख तथ्याङ्क अधिकारी | श्री लक्ष्मी कुमारी बस्नेत | राष्ट्रिय तथ्याङ्क कार्यालय |

## सम्पादक मण्डल

| | | |
|---|---|---|
| उप-प्रमुख तथ्याङ्क अधिकारी | डा. हेम राज रेग्मी | योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा<br>राष्ट्रिय लेखा महाशाखा |
| उप-प्रमुख तथ्याङ्क अधिकारी | डा. शरद कुमार शर्मा | सामाजिक तथ्याङ्क महाशाखा |
| उप-प्रमुख तथ्याङ्क अधिकारी | श्री ढुण्डी राज लामिछाने | आर्थिक तथ्याङ्क महाशाखा |
| उपसचिव | श्री हरि प्रसाद अर्याल | प्रशासन शाखा |
| उपसचिव | डा. अनिल श्रेष्ठ | आर्थिक प्रशासन शाखा |
| निर्देशक | श्री विनोद शरण आचार्य | सामाजिक तथ्याङ्क शाखा |
| निर्देशक | श्री राजन सिलवाल | सामाजिक तथ्याङ्क शाखा |
| निर्देशक | श्री ज्योति के.सी. | योजना शाखा |
| निर्देशक | श्री पूर्णबहादुर घर्ती मगर | प्रकाशन, वितरण तथा पुस्तकालय शाखा |
| तथ्याङ्क अधिकृत | श्री विशाल कुमार खड्का | योजना शाखा |
| कम्प्युटर अधिकृत | श्री सुनगाभा कायस्थ | योजना शाखा |

## प्रतिवेदन तयारीमा संलग्न कर्मचारी

राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक तथा अधिकृतहरू

तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारीहरू

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२९४०६

पत्र संख्या:
च.नं. :

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौं

## मन्तव्य

राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुसी लागेको छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा तथ्याङ्क ऐन, २०७९ को दफा ३३ बमोजिम तयार गरिएको यो चौथो संस्करणको प्रतिवेदनले यस कार्यालय र मातहतका १८ वटै तथ्याङ्क समन्वय कार्यालयले वर्षभरि सम्पादन गरेका कार्यक्रम, प्राप्त उपलब्धि, वित्तीय तथा भौतिक प्रगति र सामना गरेका चुनौतीलाई पारदर्शी रूपमा प्रस्तुत गर्ने प्रयास गरेको छ।

आ.व. २०८२/८३ राष्ट्रिय तथ्याङ्क प्रणालीका लागि महत्त्वपूर्ण वर्ष रहेको छ। यस अवधिमा राष्ट्रिय आर्थिक गणना, नेपाल श्रमशक्ति सर्वेक्षण लगायतका ठूला गणना/सर्वेक्षण कार्यक्रमहरू सञ्चालन भएका छन् भने "उन्नत तथ्याङ्क, उन्नत जीवन" भन्ने मूल नारा अनुरूप राष्ट्रिय तथ्याङ्क प्रणालीलाई थप विश्वसनीय, प्रविधिमैत्री र प्रयोगकर्तामैत्री बनाउने दिशामा कार्यालय निरन्तर क्रियाशील रहेको छ।

यो प्रतिवेदन तयारीमा योगदान पुऱ्याउने राष्ट्रिय तथ्याङ्क कार्यालयका उप-प्रमुख तथ्याङ्क अधिकारीहरू, सम्पूर्ण शाखाका निर्देशक/उपसचिव/अधिकृत तथा सबै तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा पनि सम्बध्द सबैको सहयोग र सहकार्य निरन्तर रहने अपेक्षा राख्दछु।

लक्ष्मी कुमारी बस्नेत
प्रमुख तथ्याङ्क अधिकारी

# विषय-सूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **सारांश** | | |
| **परिच्छेद १** | **परिचय** | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली | २ |
| १.३ | राष्ट्रिय तथ्याङ्क परिषद् | २ |
| १.४ | राष्ट्रिय तथ्याङ्क कार्यालयको उद्देश्य, सांगठनिक स्वरूप, काम, कर्तव्य र अधिकार | ३ |
| १.५ | कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार | ६ |
| **परिच्छेद २** | **आ.व. २०८२/८३ का प्रमुख कार्यक्रम तथा विषयगत उपलब्धि** | **११** |
| **परिच्छेद ३** | **प्रगति स्थिति** | **२५** |
| ३.१ | बजेट विनियोजन, रकमान्तर तथा खुद बजेटको अवस्था | २५ |
| ३.२ | भौतिक तथा वित्तीय प्रगतिको विश्लेषणात्मक समीक्षा | २७ |
| ३.३ | माइलस्टोन कार्यान्वयनको प्रगति स्थिति | ३२ |
| ३.४ | कानुनी, नीतिगत तथा रणनीतिक प्रावधानको कार्यान्वयन अवस्था | ३४ |
| ३.५ | सुशासन, बेरूजु, राजस्व तथा भौतिक सम्पत्ति विवरण | ३६ |
| **परिच्छेद ४** | **प्रमुख समस्या, समाधानका उपाय, अवसर र चुनौती** | **४१** |
| ४.१ | कानुनी तथा नीतिगत ढाँचाको तालमेल र रणनीतिक विश्लेषण | ४१ |
| ४.२ | कार्यसञ्चालनका समस्या, अवलम्बन गरिएको उपाय तथा रणनीतिक सुझाव | ४२ |
| ४.३ | राष्ट्रिय तथ्याङ्क प्रणालीका प्रमुख अवसरहरू | ४८ |
| ४.४ | रणनीतिक चुनौतीहरू | ४९ |

# तालिका-सूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका १ | संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय | ७ |
| तालिका २ | सम्पादित प्रमुख कार्यक्रम, प्राप्त उपलब्धि तथा अपेक्षित प्रतिफल | ११ |
| तालिका ३ | बजेट तथा खर्चको विवरण | २६ |
| तालिका ४ | ८० प्रतिशतभन्दा कम वित्तीय प्रगति हुनुका कारणहरू | ३१ |
| तालिका ५ | प्रमुख क्रियाकलाप तथा माइलस्टोनको कार्यान्वयन स्थिति | ३३ |
| तालिका ६ | कानुनी प्रावधानको कार्यान्वयन अवस्था | ३५ |
| तालिका ७ | राजस्व सङ्कलन विवरण | ३८ |
| तालिका ८ | भौतिक सम्पत्ति तथा पूर्वाधारको विवरण | ४० |
| तालिका ९ | प्रमुख समस्या, समाधानका उपाय र भावी रणनीतिक सुझाव | ४२ |

# चित्र-सूची

| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| चित्र १ | निकायगत भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक अवस्था (%) | २७ |
| चित्र २ | विगत ३ वर्षको समग्र प्रगतिको तुलना | २७ |
| चित्र ३ | तथ्याङ्क समन्वय कार्यालयगत वित्तीय र भौतिक प्रगति (%) | २९ |
| चित्र ४ | वित्तीय प्रगति कम हुनुका प्रमुख कारण | ३० |
| चित्र ५ | माइलस्टोनको प्रगति स्थिति | ३२ |
| चित्र ६ | प्राप्त गुनासो र सोको फछ्र्यौट स्थिति (सङ्ख्या) | ३६ |
| चित्र ७ | बेरूजुको किसिम (हालसम्म रकम रू.) | ३७ |
| चित्र ८ | बेरूजु फछ्र्यौट स्थिति | ३७ |
| चित्र ९ | सङ्कलित राजस्व विवरण | ३८ |
| चित्र १० | सङ्कलित राजस्वको वार्षिक तुलनात्मक विवरण | ३९ |

# सङ्क्षिप्त रूपहरूको सूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| जि.अ.ग.का. | जिल्ला आर्थिक गणना कार्यालय |
| त.स.का. | तथ्याङ्क समन्वय कार्यालय |
| रा.त.का. | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| APPI | Agriculture Production Price Index |
| BPR | Business Process Re-engineering |
| CSI | Child Situation Index |
| CSPro | Census and Survey Processing System |
| GDP | Gross Domestic Product |
| ICAN-ICARe | International Common Assessment of Numeracy and Reading |
| ICP | International Comparison Program |
| IPFMS | Integrated Public Finance Management System |
| IPICS | Industrial Production Index |
| LMBIS | Line Ministry Budget Information System |
| MPI | Manufacturing Producer Index |
| MPPI | Manufacturing Producer Price Index |
| NDP | Natinal Data Profile |
| NMICS | Nepal Multiple Indicator Cluster Survey |
| NSDS | National Strategy for the Development of Statistics |
| NTA | National Transfer Accounts |
| RCI | Recruitment Cost Index |
| RMIS | Revenue Management Information System |
| SEEA | System of Environment-Economic Accounting |
| SUTs | Supply and Use Tables |
| TFR | Total Fertility Rate |
| TSA | Tourism Satellite Account |

# अनुसूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| अनुसूची १ | राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना | ५१ |
| अनुसूची २ | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्रमा पर्ने जिल्लाहरू र दरबन्दी विवरण | ५२ |
| अनुसूची ३ | प्रकाशन प्रतिवेदनहरू | ५३ |
| अनुसूची ४ | प्रकाशित प्रतिवेदनका प्रमुख सूचक | ५४ |
| अनुसूची ५ | रोजगारी सिर्जना | ५९ |
| अनुसूची ६ | शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको प्रगति स्थिति | ६० |
| अनुसूची ७ | Microdata Catalogue मा भएका गणना/सर्वेक्षण | ६२ |
| अनुसूची ८ | मातहत कार्यालयबाट सञ्चालित कार्यक्रमको तुलनात्मक प्रगति विवरण | ६४ |
| अनुसूची ९ | NDP अद्यावधिक भएका स्थानीय तह | ६५ |
| अनुसूची १० | कार्यालयहरूको वार्षिक प्रगति प्रतिवेदनसम्बन्धी विवरण (Web Links) | ७१ |
| अनुसूची ११ | तथ्याङ्क दिवस कार्यक्रम | ७२ |
| अनुसूची १२ | स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | ७५ |
| अनुसूची १३ | पालिका प्रोफाइल | ७८ |
| अनुसूची १४ | तथ्याङ्क प्रदायक व्यक्ति/संस्थासँग अन्तरक्रिया कार्यक्रम | ८० |
| अनुसूची १५ | क्षमता अभिवृद्धि विवरण | ८१ |

**आ.व. २०८२/८३ को वार्षिक समीक्षा तथा वार्षिक प्रतिवेदन तयारीका केही झलकहरू** **८३**

**आ.व. २०८२/८३ का कार्यक्रमका केही झलकहरू** **८४**

# सारांश

तथ्याङ्क ऐन, २०७९ बमोजिम मुलुकको केन्द्रीय तथ्याङ्क निकायका रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथ्याङ्क प्रणालीको नेतृत्व, समन्वय र व्यवस्थापन गर्दै आएको छ। यस प्रतिवेदनमा आ.व. २०८२/८३ मा कार्यालय र मातहतका १८ वटा तथ्याङ्क समन्वय कार्यालयले समेत सम्पादन गरेका प्रमुख कार्यक्रम, उपलब्धि, प्रगति स्थिति र सामना गरेका चुनौतीहरूको संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

आ.व. २०८२/८३ मा राष्ट्रिय आर्थिक गणना, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल स्थल यातायात सर्वेक्षण, व्यावसायिक तरकारीबाली सर्वेक्षण, सहकारी सर्वेक्षण तथा निजी स्वास्थ्य संस्था सर्वेक्षण लगायतका राष्ट्रिय स्तरका महत्त्वपूर्ण गणना एवम् सर्वेक्षणका स्थलगत कार्यहरू सफलतापूर्वक सञ्चालन भएका छन्। साथै, राष्ट्रिय जनगणना २०७८ का थप विषयगत प्रतिवेदनहरू, Small Area Estimation, National Transfer Account, राष्ट्रिय तथा प्रादेशिक लेखा अनुमान, मूल्य तथा उत्पादन सूचकाङ्क लगायतका नियमित प्रकाशनहरू पनि सार्वजनिक गरिएका छन्।

आ.व. २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको भौतिक प्रगति ८८.८ प्रतिशत र वित्तीय प्रगति ६५.२ प्रतिशत रहेको छ भने तथ्याङ्क समन्वय कार्यालयहरूको भौतिक प्रगति समग्रमा ९०.७ प्रतिशत र वित्तीय प्रगति ७५.९ प्रतिशत रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय र जिल्ला आर्थिक गणना कार्यालय समेतको समग्र भौतिक प्रगति ९६.१ प्रतिशत र वित्तीय प्रगति ८१.५ प्रतिशत रहेको छ, जुन विगतका आर्थिक वर्षहरूको तुलनामा उल्लेखनीय सुधार हो। यस अवधिमा कार्यालयले कुल रू. १५ लाख ५९ हजार राजस्व सङ्कलन गरेको छ।

रिक्त दरबन्दी, सवारी साधन तथा भौतिक पूर्वाधारको अपर्याप्तता, कार्यालय भवनको अभाव र सीमित बजेट यस वर्ष कार्यालयले सामना गरेका प्रमुख चुनौती हुन्। यसका समाधानका लागि उपलब्ध जनशक्ति र स्रोतको उच्चतम उपयोग गर्दै कार्यक्रमहरू सम्पन्न गरिएको छ। तथ्याङ्क ऐन, २०७९, तथ्याङ्क नियमावली, २०८० र तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२ -२०८५/८६) को प्रभावकारी कार्यान्वयन, संघ-प्रदेश-स्थानीय तह बिचको समन्वय सुदृढीकरण र स्रोत सुनिश्चितता यस कार्यालयको आगामी प्राथमिकताका क्षेत्र हुन्।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा संस्थागत र व्यवस्थित तथ्याङ्कीय गतिविधि वि.सं. १९६८ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको पालामा सञ्चालन भएको पहिलो जनगणनाबाट सुरु भएको मानिन्छ। वि.सं. २००७ अघि मुलुकको तथ्याङ्कीय कार्य सम्पादन गर्न 'औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा' र 'जनसङ्ख्या गोश्वारा' नामका दुईवटा अड्डाहरू क्रियाशील रहेका थिए। वि.सं. २००७ मा प्रजातन्त्र स्थापनापश्चात् ती दुवै अड्डालाई गाभेर 'सङ्ख्या विभाग' को स्थापना गरियो। तत्पश्चात्, वि.सं. २००९ मा जनगणना ऐन जारी भएपछि उक्त विभागले देशको पाँचौं जनगणना (वि.सं. २००९—२०११) सफलतापूर्वक सञ्चालन गरेको थियो।

मुलुकको पहिलो आवधिक योजना (वि.सं. २०१३—२०१८) तर्जुमाका क्रममा विश्वासनीय तथ्याङ्कको अभाव महसुस गरी तथ्याङ्कीय दायरा विस्तार गर्ने तथा केन्द्रीय तथ्याङ्क विभाग एवम् यसका शाखा कार्यालयहरू स्थापना गर्ने जस्ता दूरगामी नीतिगत व्यवस्था गरियो। जनहित अनुकूल नीति निर्माण, प्रशासनिक कार्यकुशलता अभिवृद्धि र आर्थिक गतिविधिबारे यथार्थ विवरण प्राप्त गर्न तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने उद्देश्यले 'तथ्याङ्क ऐन, २०१५' जारी भयो। सोही ऐनको व्यवस्था बमोजिम वि.सं. २०१५ पुस १७ गते साविक केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको हो।

नेपालको तथ्याङ्कीय सुदृढीकरणका क्रममा तथ्याङ्क ऐन, २०१५ जारी हुनु, वि.सं. २०३८ मा तथ्याङ्क ऐन, २०१५ मा परिमार्जन हुनु, र निजामती सेवा ऐन, २०४९ मार्फत 'नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा' अन्तर्गत 'तथ्याङ्क समूह' को गठन हुनु महत्त्वपूर्ण कोशेढुङ्गाका रूपमा रहेका छन्। क्षेत्रीय स्तरमा तथ्याङ्कीय सेवा तथा पहुँच विस्तार गर्ने उद्देश्यले वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभाग मातहत ३३ वटा शाखा तथ्याङ्क कार्यालयहरू स्थापना गरिएका थिए। मुलुकको सङ्घीय शासन प्रणाली अनुरूप तथ्याङ्कीय प्रणालीलाई पुनःसंरचना गर्न जारी भएको 'तथ्याङ्क ऐन, २०७९' बमोजिम वि.सं. २०७९ असोज २७ गते साविकको केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालयका रूपमा स्तरोन्नति गरियो। यसै ढाँचा अन्तर्गत वि.सं. २०८१ साउन १ गतेदेखि साविकका शाखा कार्यालयहरूलाई परिमार्जन गरी देशभर १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरू सञ्चालनमा ल्याइएको छ।

## १.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

आधिकारिक तथ्याङ्कसँग सम्बन्धित कानुनी प्रावधान, भौतिक तथा प्राविधिक पूर्वाधार एवम् संस्थागत संरचनाको समष्टिगत स्वरूप नै राष्ट्रिय तथ्याङ्क प्रणाली हो। यस प्रणालीले गुणस्तरीय तथ्याङ्कको सङ्कलन, प्रशोधन, विश्लेषण, वितरण, प्रयोग तथा भण्डारणका लागि अन्तरसम्बन्धित भई कार्य गर्ने सम्पूर्ण तथ्याङ्कीय निकाय तथा एकाइहरूको सञ्जाललाई प्रतिविम्बित गर्दछ।

तथ्याङ्क ऐन, २०७९ को दफा ३ मा राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने सम्बन्धी स्पष्ट कानुनी व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रचलित कानुनबमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाहरूले सङ्कलन तथा उत्पादन गर्ने तथ्याङ्कको एकीकृत ढाँचा यस प्रणाली अन्तर्गत पर्दछ। यसैगरी, तथ्याङ्क नियमावली, २०८० को नियम ३ मा यस प्रणालीमा आबद्ध हुनका लागि पालन गर्नुपर्ने आवश्यक मापदण्ड तथा आधारहरू तोकिएका छन्।

मुलुकमा सबल, विश्वसनीय र प्रविधिमैत्री तथ्याङ्क प्रणालीको विकास गरी गुणस्तरीय तथ्याङ्कको समयानुकूल आपूर्ति सुनिश्चित गर्न **"उन्नत तथ्याङ्क, उन्नत जीवन"** भन्ने मूल नाराका साथ **"तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (वि.सं. २०८१/८२—२०८५/८६)"** हाल कार्यान्वयनमा रहेको छ।

## १.३ राष्ट्रिय तथ्याङ्क परिषद्

राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, दिगो व्यवस्थापन एवम् अनुसन्धानसम्बन्धी कार्यको प्रभावकारी रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने उद्देश्यले तथ्याङ्क ऐन, २०७९ को दफा १९ बमोजिम राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा २६ सदस्यीय राष्ट्रिय तथ्याङ्क परिषद् गठन भएको छ।

ऐनको दफा २० मा परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक बस्नुपर्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रूपमा कार्य गर्ने वैधानिक व्यवस्था रहेको छ।

आ.व. २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क परिषद्का दुईवटा बैठकहरू सम्पन्न भएका छन्:

- पाँचौ बैठक: मिति २०८२ पुस ३० गते
- छैटौं बैठक: मिति २०८३ असार ८ गते

उक्त बैठकहरूबाट मुख्य रूपमा देहाय बमोजिमका महत्त्वपूर्ण निर्णयहरू भई हाल ती निर्णयहरू कार्यान्वयनको चरणमा रहेका छन्:

- **कार्य हस्तान्तरण:** नेपाल राष्ट्र बैंकले गर्दै आएको उपभोक्ता मूल्य सूचकाङ्क (CPI) लगायतका प्रमुख तथ्याङ्कीय कार्यहरू राष्ट्रिय तथ्याङ्क कार्यालयमा हस्तान्तरण।
- **रणनीतिक कार्ययोजना स्वीकृत:** तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति दोस्रो (२०८१/८२ - २०८५/८६) को प्रभावकारी कार्यान्वयन कार्ययोजना।
- **आधिकारिक तथ्याङ्क उत्पादकको विवरण:** तथ्याङ्क नियमावली, २०८० को व्यवस्था बमोजिम आधिकारिक तथ्याङ्क उत्पादनकर्ताहरूको विवरण सालबसाली रूपमा सार्वजनिक गर्ने।

## १.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको उद्देश्य, साङ्गठनिक स्वरूप, काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ बमोजिम वि.सं. २०७९ असोज २७ गते देशको तथ्याङ्कीय कार्य सम्पादन गर्ने केन्द्रीय निकायका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत **राष्ट्रिय तथ्याङ्क कार्यालय** को स्थापना भएको छ। यस कार्यालयको प्रमुख उद्देश्य, साङ्गठनिक स्वरूप एवम् काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्:

### क) उद्देश्यहरू

- नीति तथा योजना तर्जुमाका लागि नेपाल सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने र मुलुकको समग्र सामाजिक-आर्थिक अवस्थाको यथार्थ विवरण प्रदान गर्ने,
- आर्थिक तथा सामाजिक क्षेत्रका तथ्याङ्कको सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, प्रसार एवम् संरक्षण गर्ने,
- तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र भण्डारणमा संलग्न विभिन्न निकायहरूसँग प्रभावकारी समन्वय गर्ने,
- तथ्याङ्कीय गतिविधिहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै राष्ट्रिय तथ्याङ्क प्रणालीको सुदृढीकरण र विकास गर्ने, र
- तथ्याङ्कीय जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने।

## ख) साङ्गठनिक स्वरूप

आ.व. २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालय मुख्यतया चारवटा महाशाखाहरू (आर्थिक तथ्याङ्क, सामाजिक तथ्याङ्क, राष्ट्रिय लेखा तथ्याङ्क र योजना तथा जनशक्ति व्यवस्थापन) मार्फत क्रियाशील रहेका थियो। तत्कालीन साङ्गठनिक संरचना अनुसार यी प्रत्येक महाशाखाको नेतृत्व नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका उप-प्रमुख तथ्याङ्क अधिकारीले गर्ने व्यवस्था थियो। सो संरचनाअन्तर्गत आर्थिक तथ्याङ्क महाशाखामा ४, सामाजिक तथ्याङ्क महाशाखामा ५, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखामा ४ र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखामा ७ गरी कुल २० वटा शाखाहरू सञ्चालनमा थिए।

त्यसैगरी, देशका ७७ वटै जिल्लाहरूलाई समेट्ने गरी ३ देखि ६ वटा जिल्ला कार्यक्षेत्र रहेका १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन्। समीषा वर्षमा केन्द्र (१२९) र मातहतका कार्यालयहरूमा (२८५) गरी कुल ४१४ स्वीकृत दरबन्दी कायम रहेको थियो (अनुसूची १ र अनुसूची २)। आ.व. २०८२/८३ का सम्पूर्ण कार्यसम्पादन यसै साविक संरचनाअनुसार भएका हुन्।

कार्यालयको कामकारबाहीलाई थप सुदृढ बनाउन मिति २०८३ असार ३२ गते नयाँ संगठन तथा व्यवस्थापन (o&M) सर्वेक्षण स्वीकृत भएको छ। हाल कार्यान्वयनको चरणमा रहेको यस संरचनामा देहायबमोजिमका ४ महाशाखा र कुल २३ शाखाहरू रहने व्यवस्था गरिएको छः

- प्रशासन तथा योजना महाशाखाः नेपाल प्रशासन सेवाका सहसचिवको नेतृत्वमा ६ शाखाहरू
- सामाजिक तथ्याङ्क महाशाखाः नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका सहसचिव (उप-प्रमुख तथ्याङ्क अधिकारी) को नेतृत्वमा ६ शाखाहरू
- आर्थिक तथ्याङ्क महाशाखाः उप-प्रमुख तथ्याङ्क अधिकारीको नेतृत्वमा ५ शाखाहरू
- राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्क महाशाखाः उप-प्रमुख तथ्याङ्क अधिकारीको नेतृत्वमा ६ शाखाहरू

कार्यालयको प्रशासनिक तथा प्राविधिक कार्यप्रणालीलाई नयाँ साङ्गठनिक ढाँचाअनुरूप व्यवस्थित गर्दै पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने प्रक्रिया अगाडि बढाइएको छ।

## ग) काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ को दफा २४ बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएको छः

- तथ्याङ्कसम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी राष्ट्रिय तथ्याङ्क परिषद्समक्ष पेश गर्ने,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्द्धन तथा सोका लागि अन्तरनिकाय समन्वय गर्ने,
- कार्यालयले सङ्कलन गर्नुपर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका क्षेत्रगत तथ्याङ्कीय कार्य सञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,
- योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्कको मापदण्ड, स्तर निर्धारण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,
- तथ्याङ्कसम्बन्धी अभिलेखको सुरक्षा तथा अभिलेखीकरण गर्ने,
- तथ्याङ्कीय विवरण प्रकाशन तथा वितरणको समुचित व्यवस्था गर्ने,
- केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,
- प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,
- प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा प्राविधिक सहयोग पुऱ्याउने,
- प्रचलित कानुनबमोजिम तथ्याङ्क सङ्कलनसम्बन्धी काम गर्ने निकायहरूको तथ्याङ्कीय क्षमता अभिवृद्धिमा सहयोग गर्ने,
- तथ्याङ्क ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,
- तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसम्बन्धी कार्यहरू सञ्चालन गर्ने, र
- नेपाल सरकारले माग गरेको तथ्याङ्कसम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

## १.५ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादन तथा सञ्चालनका लागि नेपालको संविधान, तथ्याङ्क ऐन तथा नियमावली, तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रमुख नीतिगत तथा कानुनी आधार हुन्। विद्यमान प्रमुख आधारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

### १.५.१ नेपालको संविधान

नेपालको संविधानले राष्ट्रिय तथ्याङ्क प्रणालीलाई विकेन्द्रित ढाँचामा स्थापित गर्दै सङ्घीय अधिकार क्षेत्रअन्तर्गत तथ्याङ्कको मानक र गुणस्तर निर्धारण गर्ने जिम्मेवारी सङ्घलाई सुम्पेको छ (तालिका १)।

## तालिका १: संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय

| क्र.सं. | धारा/अुसूची | विषय | तथ्याङ्कसम्बन्धी उल्लिखित विषय |
|---|---|---|---|
| १ | धारा २८ | गोपनीयताको हक | • तथ्याङ्कको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने। |
| २ | धारा ५१ | राज्यका नीतिहरू<br>• खण्ड (च), बुँदा ८<br>• खण्ड (ञ), बुँदा ४ | • जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने।<br>• बालबच्चाको पालनपोषण तथा परिवारको हेरचाह जस्ता कार्य र योगदानको आर्थिक मूल्याङ्कन गर्ने। |
| ३ | धारा ८४ | प्रतिनिधि सभाको गठन [उपधारा (१)(क) र (२)] | • जनसङ्ख्यालाई निर्वाचन क्षेत्र निर्धारणको आधार मानिने। |
| ४ | धारा १७६ | प्रदेश सभाको गठन [उपधारा (२) र (६)] | • समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुने। |
| ५ | धारा २५९ | राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार [(१)(छ))] | • राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई कार्य सञ्चालनको आधार बनाउनुपर्ने। |
| ६ | धारा २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | • राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई पुनरावलोकनको आधार मानिने। |
| ७ | धारा २८६ | निर्वाचन क्षेत्र निर्धारण आयोग [उपधारा (५) र (६)] | • निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य आधार मानिने। |
| ८ | अनुसूची ५ | सङ्घको अधिकार सूची (बुँदा १३) | • केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक तथा गुणस्तर कायम गर्ने)। |
| ९ | अनुसूची ६ | प्रदेशको अधिकार सूची (बुँदा ६) | • प्रदेशस्तरको तथ्याङ्क सङ्कलन र व्यवस्थापन। |
| १० | अनुसूची ८ | स्थानीय तहको अधिकार सूची (बुँदा ६, १३, १७) | • स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय अभिलेख व्यवस्थापन तथा बेरोजगारको तथ्याङ्क सङ्कलन। |
| ११ | अनुसूची ९ | साझा अधिकार सूची (बुँदा ११) | • व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, आदि) र तथ्याङ्कसम्बन्धी साझा अधिकार। |

(द्रष्टव्यः संविधानको अनुसूची ५, ६, ८ र ९ मा उल्लिखित अधिकार सूचीलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ माघ १८ को निर्णयबमोजिम विस्तृतीकरण गरी कार्यान्वयनमा ल्याइएको छ।)

### १.५.२ तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८०

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालन, नियमन तथा व्यवस्थापनका लागि तथ्याङ्क ऐन, २०७९ र सो अन्तर्गत निर्मित तथ्याङ्क नियमावली, २०८० मुख्य कानुनी आधार हुन्। यसका प्रमुख प्रावधानहरू देहायबमोजिम रहेका छन्:

- **प्रणाली तथा संरचना:** विकेन्द्रित राष्ट्रिय तथ्याङ्क प्रणालीको अवलम्बन, सर्वोच्च निकायको रूपमा राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था र केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना।
- **नेतृत्व र प्रशासन:** कार्यालयको नेतृत्व नेपाल सरकारको विशिष्ट श्रेणीका 'प्रमुख तथ्याङ्क अधिकारी' बाट हुने व्यवस्था।
- **तथ्याङ्क सङ्कलन र पहुँच:** अन्य सरकारी वा सार्वजनिक निकायले पनि तथ्याङ्क सङ्कलन गर्न सक्ने र ती तथ्याङ्क राष्ट्रिय प्रणालीको अभिन्न अङ्ग हुने; विद्युतीय अभिलेख, कम्प्युटर डाटाबेस, तथा तथ्याङ्कको प्रयोग र पहुँचसम्बन्धी स्पष्ट कानुनी दायरा।
- **मानक, गुणस्तर र परीक्षण:** तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तर कायम गर्ने, तथ्याङ्कीय परीक्षण गर्ने तथा अनुमति सम्बन्धी व्यवस्था।
- **डाटा बैङ्क र प्रतिवेदन:** केन्द्रीय डाटा बैङ्कको स्थापना तथा तथ्याङ्कीय कार्यको वार्षिक कार्य विवरणसहितको प्रतिवेदन अनिवार्य सार्वजनिक गर्नुपर्ने व्यवस्था।

### १.५.३ तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (आ.व.२०८१/८२-२०८५/८६)

प्रथम रणनीतिको समीक्षाका आधारमा तथ्यमा आधारित नीति निर्माण, अनुगमन एवम् मूल्याङ्कनलाई टेवा पुऱ्याउन मिति २०८२ असार ९ गते नेपाल सरकारबाट दोस्रो रणनीति स्वीकृत भई कार्यान्वयनमा आएको छ।

- **दूरदृष्टि:** एकीकृत, समन्वयात्मक र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास।
- **लक्ष्य:** सुशासन, सामाजिक न्याय र समृद्धिसम्बन्धी नीति तथा निर्णय प्रक्रियाका लागि सङ्घीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति र उपयोग पद्धति विकास गर्ने।

- **रणनीतिक उद्देश्यहरू:**
    - सङ्घीय, प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सुदृढीकरणका लागि आवश्यक पूर्वाधार तयार गर्ने।
    - तथ्याङ्कीय कार्यमा संलग्न निकायहरू बिच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने।
    - तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने।

- **प्राथमिकताका क्रियाकलाप:**
    - तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० मा उल्लेख गरिएका प्रावधानहरू कार्यान्वयनका लागि स्पष्ट निर्देशिका/कार्यविधि तयार
    - राष्ट्रिय तथ्याङ्क परिषद्को सशक्तिकरण
    - संस्थागत स्मृति र ज्ञानको हस्तान्तरण
    - वैकल्पिक स्रोतहरूबाट गुणस्तरीय तथ्याङ्क उत्पादन
    - Real Time Data उत्पादन
    - प्रयोगकर्तामैत्री प्रकाशन र खुला तथ्याङ्क प्रणाली
    - अनुसन्धान तथा तालिमको लागि संस्थागत व्यवस्था
    - प्रदेश तथा स्थानीय तहको क्षमता विकास
    - अन्तर्राष्ट्रिय समन्वय र स्रोत परिचालन

### १.५.४ सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६)

सोह्रौं योजनाको रूपान्तरणकारी रणनीतिअन्तर्गत तथ्याङ्क क्षेत्रका लागि देहायका प्राथमिकता तोकिएका छन्:

- एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास तथा दिगो व्यवस्थापन गर्ने।
- राष्ट्रिय तथ्याङ्क परिषद्को भूमिकालाई थप सुदृढ र प्रभावकारी बनाउने।

- परम्परागत गणना/सर्वेक्षणका अतिरिक्त वैकल्पिक स्रोत तथा आधुनिक प्रविधिको प्रयोग गरी तथ्याङ्क आपूर्तिमा सुधार ल्याउने।

### १.५.५ नीति, कार्यक्रम तथा बजेट वक्तव्य (आ.व. २०८३/८४)

- **नीति तथा कार्यक्रम (बुँदा नं. ९७):** "राष्ट्रिय तथ्याङ्क प्रणालीको सामयिक पुनर्संरचना गरी सुदृढ बनाइनेछ।"
- **बजेट वक्तव्य (बुँदा नं. ३९):** "शैक्षिक गुणस्तर परीक्षण केन्द्र, कृषि तथ्याङ्क प्रणाली तथा नेपाल राष्ट्र बैंकअन्तर्गत रहेको उपभोक्ता मूल्य सूचकाङ्कसम्बन्धी तथ्याङ्क प्रणाली लगायतलाई राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत एकीकृत गरिनेछ।"

### १.५.६ अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्डहरू

कार्यालयले आफ्ना गतिविधिहरू सञ्चालन गर्दा राष्ट्रिय कानुनका अतिरिक्त प्रचलित अन्तर्राष्ट्रिय विधि तथा सिद्धान्तहरूको अनुसरण गर्दछः

- UNSC द्वारा अनुमोदित आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तहरू (Fundamental Principles of Official Statistics-FPOS)
- PARIS 21 – NSDS Guidelines
- Busan Action Plan for Statistics (BAPS)
- Marrakesh Action Plan for Statistics (MAPS)
- Copenhagen Framework on Citizen Data
- UNESCAP Regional Programme for Economic Statistics (RPES)
- Global Disaster-Related Statistics Framework (G-DRSF)
- अन्य सम्बन्धित ढाँचा तथा पहलहरू

# परिच्छेद २

## आ.व. २०८२/८३ का प्रमुख कार्यक्रम तथा विषयगत उपलब्धि

आ.व. २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट राष्ट्रिय आर्थिक गणना, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल स्थल यातायात सर्वेक्षण, व्यावसायिक तरकारीबाली सर्वेक्षण, सहकारी सर्वेक्षण तथा निजी स्वास्थ्य संस्था सर्वेक्षण लगायतका महत्त्वपूर्ण राष्ट्रियस्तरका गणना एवम् सर्वेक्षणका तथ्याङ्क सङ्कलन तथा विश्लेषणात्मक कार्यहरू सफलतापूर्वक सञ्चालन गरिएका छन्। आ.व. २०८२/८३ मा सम्पादित प्रमुख कार्यहरू, प्राप्त उपलब्धि तथा तिनबाट हासिल हुने अपेक्षा गरिएका प्रतिफलहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ (तालिका २)।

**तालिका २: सम्पादित प्रमुख कार्यक्रम, प्राप्त उपलब्धि तथा अपेक्षित प्रतिफल**

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| **१. गणनासम्बन्धी कार्यक्रम** | | | | |
| १.१ | राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन | • प्रतिष्ठानहरूको स्थलगत गणना कार्य सफलतापूर्वक सम्पन्न गरिएको (प्राप्त सङ्ख्या कुल १३,६७,२२४)।<br>• गणना सञ्चालनका लागि ४,४३२ जना करार जनशक्ति परिचालन गरी ३,३२,४०० कार्यदिन रोजगारी सिर्जना गरिएको। (कुल क्रियाकलाप ३८ वटा, प्रगति १००%, भारित प्रगति ८६%) | • राष्ट्रिय लेखाका अनुमान सुदृढीकरण, तथ्याङ्कीय व्यावसायिक रजिस्टर अद्यावधिक तथा आगामी आर्थिक सर्वेक्षणहरूका लागि Sampling Frame तयार हुने।<br>• रोजगारी, लगानी, आम्दानी एवम् दिगो विकास लक्ष्यका आर्थिक सूचकहरू अद्यावधिक हुने। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| १.२ | राष्ट्रिय जनगणना, २०७८ का थप ५ वटा विषयगत तथा विश्लेषणात्मक प्रतिवेदन प्रकाशन | लक्षित गरिएका देहायका ५ वटा विषयगत विश्लेषणात्मक प्रतिवेदनहरू तयार गरी सार्वजनिक गरिएको:<br>• *Education and Inclusion in Nepal*<br>• *Persons with Disability in Nepal*<br>• *Gender Dynamics in Nepal*<br>• *Caste and Ethnicity in Nepal*<br>• *Situation of Children in Nepal* | • सामाजिक तथा जनसाङ्ख्यिक क्षेत्रमा तीनै तहका सरकारहरूलाई तथ्यमा आधारित नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा वस्तुगत आधार प्राप्त हुने।<br>• अध्ययन-अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई प्रमाणमा आधारित खोजका लागि बहुउपयोगी सामग्री उपलब्ध हुने। | अनुसूची ४ |
| २. **सर्वेक्षणसम्बन्धी कार्यक्रम** | | | | |
| २.१ | नेपाल श्रमशक्ति सर्वेक्षण, २०८२/८३ सञ्चालन | • छनोटमा परेका कुल ९२० गणना क्षेत्रमध्ये चालु आ.व.मा तोकिएको ३०४ वटा गणना क्षेत्रमा स्थलगत तथ्याङ्क सङ्कलन सम्पन्न गरिएको।<br>• ८० जना करार जनशक्ति परिचालन गरी करिब १३,२०० कार्यदिन रोजगारी सिर्जना भएको। (कुल क्रियाकलाप ११ वटा, प्रगति १००%, भारित प्रगति ९९%) | • देशको रोजगारी, बेरोजगारी, श्रमशक्ति सहभागितादर, बालश्रम, श्रम उपयोग, बाध्यकारी श्रमलगायत श्रम बजारसम्बन्धी अद्यावधिक तथ्याङ्क प्राप्त हुने।<br>• राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तनका लागि आवश्यक आधारभूत तथ्याङ्क उपलब्ध हुने। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| २.२ | नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ सञ्चालन | • नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको।<br>• २५ जना करार जनशक्ति परिचालन गरी १,४२९ कार्यदिन रोजगारी सिर्जना भएको।<br>(कुल क्रियाकलाप १० वटा, प्रगति १००%, भारित प्रगति ९३%) | • स्थल यातायात क्षेत्रको कुल उत्पादन, सञ्चालन लागत, रोजगारी, लगानी लगायतका सूचकहरूको भरपर्दो तथ्याङ्क प्राप्त हुने।<br>• राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनका लागि आवश्यक तथ्याङ्क उपलब्ध हुने। | अनुसूची ५ |
| २.३ | व्यावसायिक तरकारीबाली सर्वेक्षण, २०८२ सञ्चालन तथा नतिजा सार्वजनीकरण | • व्यावसायिक तरकारीबाली सर्वेक्षण, २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको।<br>• २० जना करार जनशक्ति परिचालन गरी १,०५९ कार्यदिन रोजगारी सिर्जना भएको।<br>(कुल क्रियाकलाप ९ वटा, प्रगति ८९%, भारित प्रगति ७९%) | • व्यावसायिक तरकारीबालीको उत्पादन लागत, उत्पादन परिमाण, बजार पहुँच, सिँचाइ, मलखाद, बीउबिजन, विषादी तथा प्रविधिको प्रयोगसम्बन्धी गुणस्तरीय तथ्याङ्क प्राप्त हुने।<br>• कृषि क्षेत्रको राष्ट्रिय लेखा अनुमान सुदृढ गर्न सहयोग पुग्ने। | अनुसूची ५ |
| २.४ | सहकारी सर्वेक्षण, | • सहकारी सर्वेक्षण, २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको। | • सहकारी क्षेत्रको कुल उत्पादन, सेवा लागत, रोजगारी तथा लगानीसम्बन्धी विश्वसनीय तथ्याङ्क प्राप्त हुने। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| | २०८२ सञ्चालन | • २७ जना करार जनशक्ति परिचालन गरी करिब २,४३० कार्यदिन रोजगारी सिर्जना भएको।<br>(कुल क्रियाकलाप ६ वटा, प्रगति १००%, भारित प्रगति ८०%) | • राष्ट्रिय लेखा प्रणालीमा सहकारी क्षेत्रको योगदान यकिन गर्न मद्दत पुग्ने। | |
| २.५ | निजी स्वास्थ्य संस्था सर्वेक्षण, २०८२/८३ सञ्चालन तथा नतिजा विश्लेषण | • निजी स्वास्थ्य संस्था सर्वेक्षण, २०८२/८३ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको।<br>• २१ जना करार जनशक्ति परिचालन गरी करिब १०८१ कार्यदिन रोजगारी सिर्जना भएको।<br>(कुल क्रियाकलाप १० वटा, प्रगति ९०%, भारित प्रगति ८१%) | • स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको उत्पादन, सञ्चालन खर्च, रोजगारी तथा भौतिक/वित्तीय लगानीसम्बन्धी एकीकृत तथ्याङ्क प्राप्त हुने।<br>• स्वास्थ्य क्षेत्रको राष्ट्रिय लेखा अनुमान अद्यावधिक हुने। | अनुसूची ५ |
| २.६ | नेपाल शिक्षण संस्था सर्वेक्षण, २०८०/८१ को नतिजा सार्वजनीकरण | • नतिजा प्रतिवेदन प्रकाशन गरिएको।<br>• सरकारी बाहेकका शिक्षण संस्थाहरूको संरचनात्मक तथा वित्तीय स्थिति विश्लेषण। | • सरकारी बाहेकका शिक्षा क्षेत्रमा सिर्जना भएको रोजगारी र संलग्न जनशक्तिको मापन।<br>• लगानी, कुल उत्पादन तथा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान यकिनमा सहयोग पुग्ने। | अनुसूची ४ |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| २.७ | नेपाल बहुसूचक सर्वेक्षण, २०८१/८२ को नतिजा सार्वजनीकरण | • राष्ट्रिय तथा प्रादेशिक नतिजा प्रतिवेदन सार्वजनिक।<br>• Nepal MICS SDG Dashboard निर्माण तथा सञ्चालन। | • महिला तथा बालबालिकाको सामाजिक-आर्थिक विकाससँग सम्बन्धित दिगो विकास लक्ष्यका ४२ वटा सूचकहरू अद्यावधिक। | अनुसूची ४ |
| २.८ | आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ को नतिजा सार्वजनीकरण | • आन्तरिक पर्यटकको भ्रमण ढाँचा र खर्चसम्बन्धी नतिजा प्रतिवेदन प्रकाशन। | • आन्तरिक पर्यटन क्षेत्रमा सिर्जना भएको रोजगारी र लगानीको मापन।<br>• कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान यकिन। | अनुसूची ४ |
| २.९ | गरिबीको लघुक्षेत्र अनुमान | • नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० र राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क एकीकृत गरी स्थानीय तह तथा जिल्ला अनुसारको गरिबी दर र जनसङ्ख्या अनुमान तयार गरिएको। | • भू-स्थानिक रूपमा विभाजित गरिबी तथ्याङ्कका आधारमा लक्षित नीति, रणनीति तथा स्रोत बाँडफाँटसम्बन्धी कार्यक्रम निर्माणमा सहयोग पुग्ने। | अनुसूची ४ |
| **३. लेखा तयारी सम्बन्धी कार्यक्रम** | | | | |
| ३.१ | Tourism Satellite Account – TSA निर्माणको पूर्वतयारी | • TSA निर्माणका लागि आवश्यक अवधारणा, तालिका एवम् सूचकको ढाँचा र तथ्याङ्क स्रोतको | • मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष आर्थिक योगदान वैज्ञानिक रूपमा मापन गर्ने दिगो आधार तयार हुने। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| | | पहिचानसम्बन्धी पूर्वतयारी कार्य सम्पन्न गरिएको। | | |
| ३.२ | राष्ट्रिय तथा प्रादेशिक लेखा अनुमानसम्बन्धी कार्य | • वार्षिक, त्रैमासिक राष्ट्रिय लेखा र प्रादेशिक लेखा अनुमान तयार गरी सार्वजनिक गरिएको। | • अर्थतन्त्रको निरन्तर अनुगमन, विश्लेषण तथा नीतिगत दिशानिर्देशका लागि नियमित आर्थिक सूचक उपलब्ध भएको। | अनुसूची ४ |
| ३.३ | आपूर्ति र उपयोग तालिका निर्माण कार्य | • आपूर्ति र उपयोग तालिकाको खाका निश्चित गरी तीन वटा क्षेत्र (Public Administration and Defence, Accommodation and Food Service र Financial Intermediaries Service) को विवरण प्रविष्टि गरिएको। | • राष्ट्रिय लेखा अनुमानको आधार वर्ष पुनरावलोकन तथा परिवर्तनका लागि उपयोगी हुने। | |
| ३.४ | राष्ट्रिय लेखा तथ्याङ्क एकीकृत प्रकाशन | • राष्ट्रिय लेखा अनुमानका विधि, प्रक्रिया, तथ्याङ्क स्रोत तथा विगत १० वर्षका अनुमानहरू एकीकृत गरी *National Accounts Statistics of Nepal 2025/26* पुस्तक प्रकाशन गरिएको। | • राष्ट्रिय लेखा प्रणालीको ऐतिहासिक शृङ्खला एकै स्थानमा सहजै उपलब्ध भएको। | |
| ३.५ | National Transfer Accounts अध्ययन तथा प्रकाशन | • *National Transfer Accounts* नामक पुस्तक तयार गरी सार्वजनिक गरिएको। | • जीवनचक्रीय अभाव (उमेर अनुसार प्रतिव्यक्ति उपभोग र श्रम आय) सम्बन्धी भरपर्दो जानकारी उपलब्ध भएको। | अनुसूची ४ |

| क.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| ३.६ | मूल्य तथा उत्पादन सूचकाङ्क तयारी तथा प्रकाशन | • कृषि उत्पादक मूल्य सूचकाङ्क (APPI), निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (IPICS), औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (MPPI) र औद्योगिक उत्पादन सूचकाङ्क (MPI) त्रैमासिक तथा वार्षिक रूपमा तयार गरी प्रकाशन गरिएको। | • उत्पादनस्तरमा मुद्रास्फीति र त्रैमासिक उत्पादनमा भएको परिवर्तन मापन गर्न सहयोग पुग्ने। | अनुसूची ४ |
| ३.७ | वातावरणीय-आर्थिक लेखा प्रणाली (SEEA) अन्तर्गत वन लेखा निर्माण | • SEEA Ecosystem Accounting अन्तर्गत Forest Accounts का लागि आधारभूत तथ्याङ्क ८४ वटा डिभिजन वन कार्यालयबाट सङ्कलन गरिएको। | • Forest Accounts तयार गर्न आवश्यक आधारभूत तथ्याङ्क उपलब्ध भएको। | |
| ३.८ | वातावरणीय तथ्याङ्क सङ्गालो प्रकाशन | • Compendium of Environment Statistics 2026 प्रतिवेदन तयार गरी प्रकाशन गरिएको। | • नेपालको वातावरणीय तथ्याङ्क तथा सूचकहरू एकीकृत रूपमा उपलब्ध भएको। | |
| ३.९ | लोक्ता (अर्गेली) खेती तथा उत्पादन सम्बन्धी विशेष अध्ययन | • इलाम जिल्लामा लोक्ता (अर्गेली) खेती तथा उत्पादनसम्बन्धी अध्ययन सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरिएको। | • राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनका लागि आवश्यक तथ्याङ्क उपलब्ध भएको। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| | **४. सूचना प्रविधिसम्बन्धी कार्यक्रम** | | | |
| ४.१ | डेटा सुरक्षा तथा सूचना प्रविधि क्षमता विकास | • वेबपेज तथा अन्य पोर्टलहरूको नियमित रेखदेख, व्यवस्थापन र सुरक्षण गरिएको।<br>• यस कार्यालय र मातहतका कार्यालयका कर्मचारीहरूको लागि लक्षित Cyber Security and Data Security, Cutting Edge Technology र वेबसाइट व्यवस्थापनसम्बन्धी तीन वटा तालिम सञ्चालन गरिएको। | • वेबसाइट तथा पोर्टलहरू सुरक्षित र नियमित सञ्चालनमा रहेका।<br>• कर्मचारीहरूको साइबर तथा डेटा सुरक्षासम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि भएको। | अनुसूची १५ |
| ४.२ | सूचना प्रविधि प्रणाली सुदृढीकरण तथा अनलाइन सेवा व्यवस्थापन | • तथ्याङ्क समन्वय कार्यालयहरूको सूचना प्रविधि आवश्यकता पहिचान तथा तथ्याङ्क व्यवस्थापन सुपरिवेक्षण गरिएको।<br>• आर्थिक गणनासम्बन्धी IT प्रणाली (Online Vacancy System, Online Data Reporting System आदि) को विकास गरिएको। | • सूचना प्रविधि प्रणाली सुदृढीकरण भई डिजिटल सेवा प्रवाह सहज भएको। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| | | • अनलाइन सर्वेक्षण अनुमति आवेदन प्रणालीको व्यवस्था गरिएको। | | |
| ४.३ | Open Data, Data Archiving तथा Microdata Catalogue व्यवस्थापन | • गणनाका ९२६ वटा तालिका CSV मा तथा सर्वेक्षणका ५९८ वटा तालिका Excel मा Census/NSO Portal मार्फत उपलब्ध गराइएको।<br>• Microdata Catalogue अद्यावधिक तथा Data Archiving कार्य सम्पन्न गरिएको। | • शासकीय सुधार, संस्थागत सुधार, सार्वजनिक सेवा प्रवाह सुधार, प्रशासनिक सरलीकरण र डिजिटल रूपान्तरणमा योगदान पुगेको। | अनुसूची ६ र अनुसूची ७ |
| ४.४ | राष्ट्रिय तथ्यगत विवरण (NDP) प्राविधिक सहजीकरण | • २७२ वटा स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) अद्यावधिक गर्ने कार्यक्रम रहेकोमा १९४ वटा स्थानीय तहमा प्राविधिक सहजीकरण पुऱ्याइएको (प्रगतिः ७१.३ प्रतिशत)। | • NDP मा तथ्याङ्क प्रविष्टि तथा अद्यावधिक प्रक्रियामा देखिएका समस्या पहिचान भई स्थानीय तहमा आवश्यक प्राविधिक सहजीकरण भएको। | अनुसूची ८ र अनुसूची ९ |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| **५. राष्ट्रिय तथ्याङ्क परिषद् तथा शासकीय सुधारसम्बन्धी कार्यक्रम** | | | | |
| ५.१ | राष्ट्रिय तथ्याङ्क परिषद्को दुई वटा बैठक सञ्चालन | • राष्ट्रिय तथ्याङ्क परिषद्को पाँचौं र छैटौं बैठक सफलताका साथ सम्पन्न गरिएको। | • राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, समन्वय र व्यवस्थापनमा महत्त्वपूर्ण मद्दत पुगेको। | |
| ५.२ | तथ्याङ्कीय मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा | • तथ्याङ्क सङ्कलन, नमुना छनोट, विश्लेषण तथा सम्परीक्षणसम्बन्धी कार्यविधि, २०८३' तर्जुमा गरिएको।<br>• 'राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालन सम्बन्धी निर्देशिका, २०८३' तर्जुमा गरिएको। | • गणना/सर्वेक्षण कार्यमा एकरूपता, गुणस्तर र वैज्ञानिक मापदण्ड कायम भएको। | |
| ५.३ | तथ्याङ्क प्रणाली विकासको लागि दोस्रो राष्ट्रिय रणनीति (NSDS-II) | • तथ्याङ्क प्रणाली विकासको लागि दोस्रो राष्ट्रिय रणनीति (NSDS-II) को कार्यान्वयन कार्ययोजना तयार गरी राष्ट्रिय तथ्याङ्क परिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको। | • राष्ट्रिय तथ्याङ्क प्रणालीको एकीकृत र सुदृढ विकासका लागि स्पष्ट मार्गचित्र तयार भएको। | |
| ५.४ | शासकीय सुधार योजना तथा Business Process Reengineering (BPR) कार्यान्वयन | • शासकीय सुधारका यस कार्यालयसँग सम्बन्धित सबै बुँदा कार्यान्वयन गरिएको।<br>• BPR स्वीकृत भई कार्यान्वयनमा ल्याइएको। | • सूक्ष्म कोरा तथ्याङ्क पहुँच प्रक्रिया लगायतका कार्य व्यवस्थित भई प्रशासनिक सरलीकरण र सेवा प्रवाहमा सुधार भएको। | अनुसूची ६ |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| ५.५ | कार्यालयको वार्षिक प्रतिवेदन प्रकाशन | • तथ्याङ्क ऐन, २०७९ बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका सबै तथ्याङ्क समन्वय कार्यालयहरूको वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको। | • वार्षिक कार्यक्रम/गतिविधिका उपलब्धि, प्रगति, चुनौती र सिकाइको व्यवस्थित अभिलेखीकरण भई आगामी योजना तर्जुमाका लागि पृष्ठपोषण प्राप्त भएको।<br>• आन्तरिक मूल्याङ्कन, अनुगमन, लेखापरीक्षण र तथ्याङ्कीय सुशासन प्रवर्धनमा मद्दत पुगेको। | अनुसूची १० |
| ५.६ | वार्षिक कार्यक्रम समीक्षा तथा मार्गदर्शन प्रकाशन | • त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरिएको।<br>• आ.व. २०८२/८३ को कार्यक्रम अभिमुखीकरण तथा मार्गदर्शन (दोस्रो संस्करण) प्रकाशन गरिएको। | • कार्यक्रम कार्यान्वयन, अनुगमन र प्रतिवेदन प्रणालीमा एकरूपता र स्पष्टता आएको। | |
| ५.७ | तथ्याङ्क सङ्कलन अनुमति तथा प्रमाणीकरण | • 'खाद्य सुरक्षा तथा जीविकोपार्जन सर्वेक्षण' र 'ICAN-ICARe सर्वेक्षण' को तथ्याङ्क प्रमाणीकरण गरिएको।<br>• नागरिक मत सर्वेक्षण सञ्चालनको अनुमति प्रदान गरिएको। | • भरपर्दो तथा विश्वसनीय तथ्याङ्क उत्पादन सुनिश्चित भएको र तथ्याङ्क सङ्कलनमा दोहोरोपना निवारण भएको। | |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| **६.** | **तथ्याङ्क दिवस तथा क्षमता विकास सम्बन्धी कार्यक्रम** | | | |
| ६.१ | नियमित तथ्याङ्कीय प्रकाशन तथा विवरण सार्वजनिक | • लक्ष्य बमोजिमका *Nepal in Figures 2026*, नेपालको तथ्याङ्कीय झलक २०८३, *Nepal Statistical Year Book 2025* तथा त्रैमासिक तथ्याङ्क गतिविधि सबै प्रकाशन गरिएको (आ.व. २०८२/८३ मा ७९२ व्यक्ति र १६७ संस्थालाई कुल ९,१६८ वटा प्रकाशन वितरण)।<br>• आधिकारिक तथ्याङ्क उत्पादनकर्ताको विवरण वेबसाइटमार्फत उपलब्ध गराइएको। | • तथ्याङ्क एकीकृत रूपमा उपलब्ध भई प्रयोगकर्ता, नीतिनिर्माता, अनुसन्धानकर्ता तथा अन्य सरोकारवालाहरूलाई निर्णय प्रक्रियामा सहज पहुँच पुगेको। | |
| ६.२ | तथ्याङ्क दिवसः उत्सव तथा सचेतना कार्यक्रम | • राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका तथ्याङ्क समन्वय कार्यालयहरूमा तथ्याङ्क दिवस कार्यक्रम भव्यताका साथ मनाइएको। | • आधिकारिक तथ्याङ्कको महत्त्व र उपयोगिताबारे व्यापक जनचेतना अभिवृद्धि भएको।<br>• तथ्याङ्क उत्पादक, प्रयोगकर्ता र सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्य सुदृढ भएको। | अनुसूची ११ |

| क.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| ६.३ | तथ्याङ्कीय सफ्टवेयर तथा विश्लेषणात्मक क्षमता विकास तालिम | • R, STATA, CsPro, Data Processing Cleaning and Analysis, Report Writing, GDP Compilation, Database Management तथा वेबसाइट व्यवस्थापनसम्बन्धी लक्षित तालिम कार्यक्रमहरू सञ्चालन गरिएको। | • कर्मचारीहरूको प्राविधिक तथ्याङ्कीय ज्ञान, डाटा प्रशोधन सीप र प्रतिवेदन लेखन क्षमतामा अभिवृद्धि भएको। | अनुसूची १५ |
| **७.** | **साक्षरता कार्यक्रम** | | | |
| ७.१ | युवा/विद्यार्थी लक्षित तथ्याङ्क साक्षरता | • पर्सा, गोरखा र लमजुङका ५ वटा कलेजका ५०० जना विद्यार्थीहरूलाई आधिकारिक तथ्याङ्कसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। | • युवा पुस्ता तथा प्राज्ञिक क्षेत्रमा आधिकारिक तथ्याङ्कको महत्त्व, पहुँच र प्रयोग क्षमता अभिवृद्धि भएको। | |
| ७.२ | स्थानीय तह तथ्याङ्कीय साक्षरता कार्यक्रम | • ९० वटा स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ७५ वटा स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको (प्रगति: ८३.३ प्रतिशत)। | • स्थानीय तहका कर्मचारीहरूको तथ्याङ्कीय क्षमता वृद्धि भई प्रमाणमा आधारित नीति निर्माणमा सहयोग पुग्ने। | अनुसूची ८ र अनुसूची १२ |
| ७.३ | स्थानीय तह पालिका प्रोफाइल निर्माण | • ३६ वटा स्थानीय तहको पालिका प्रोफाइल तयार गर्ने लक्ष्य रहेकोमा ३४ वटा स्थानीय तहको पालिका प्रोफाइल तयार गरिएको (प्रगति: ९४.४ प्रतिशत)। | • स्थानीय तहको योजना निर्माण, नीति तर्जुमा तथा निर्णय प्रक्रियाका लागि अद्यावधिक तथ्याङ्क आधार तयार भई पारदर्शिता अभिवृद्धि भएको। | अनुसूची ८ र अनुसूची १३ |

| क्र.सं. | प्रमुख कार्यक्रम/कार्य | प्राप्त प्रमुख उपलब्धि | अपेक्षित प्रतिफल/नतिजा | अनुसूची/ कैफियत |
|---|---|---|---|---|
| ७.४ | तथ्याङ्क प्रदायक संस्था/ व्यक्तिसँग अन्तरक्रिया | • २७ वटा तथ्याङ्क प्रदायक संस्था/व्यक्तिसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा १५ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको (प्रगतिः ५५.६ प्रतिशत)। | • तथ्याङ्क प्रदायकसँग समन्वय र सहकार्य सुदृढ भएको। <br>• आधिकारिक तथ्याङ्क उत्पादन, आदानप्रदान तथा उपयोगसम्बन्धी साझा बुझाइ अभिवृद्धि भएको। <br>• तथ्याङ्कको गुणस्तरमा सुधार आएको। | अनुसूची ८ र अनुसूची १४ |
| ७.५ | जनसङ्ख्या तथ्याङ्क साक्षरता कार्यक्रम | • ३ वटा अग्रणी क्याम्पसहरूमा साक्षरता कार्यक्रम सञ्चालन गरी १५० जना (प्राध्यापक तथा विद्यार्थीहरू) लाई अनुशिक्षण प्रदान गरिएको। | • जनसाङ्ख्यिक सूचकहरू, तिनको मापन तथा प्रयोगसम्बन्धी प्राज्ञिक तहमा सचेतना अभिवृद्धि भई तथ्याङ्कको प्रयोगमा विस्तार हुने। | |

# परिच्छेद ३

# प्रगति स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालय तथा मातहतका निकायहरूले चालु आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम हासिल गरेका भौतिक, वित्तीय एवम् रणनीतिक प्रगति स्थिति प्रस्तुत परिच्छेदमा समीक्षा गरिएको छ। तथ्याङ्क ऐन, २०७९, तथ्याङ्क नियमावली, २०८० तथा तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) को मार्गदर्शनमा रही सञ्चालित राष्ट्रिय आर्थिक गणना २०८२, राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनसम्बन्धी विषयगत सर्वेक्षणहरू तथा नियमित कार्यक्रमहरूको कार्यान्वयन स्थिति यहाँ समेटिएको छ। यसका साथै, बजेटको सुरु विनियोजन, रकमान्तर, खुद कायम बजेट, खर्चको स्थिति, माइलस्टोनको सफलता दर, सुशासन तथा बेरुजु व्यवस्थापन, राजस्व सङ्कलन र भौतिक सम्पत्तिको विवरणलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ।

## ३.१ बजेट विनियोजन, रकमान्तर तथा खुद बजेटको अवस्था

आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम सञ्चालनका लागि विद्यमान साङ्गठनिक संरचनाका अतिरिक्त देशका ७७ वटै जिल्लामा **८४ वटा जिल्ला आर्थिक गणना कार्यालय** (झापामा थप १, मोरङमा थप १, काठमाडौंमा थप ४ र रूपन्देहीमा थप १) ४ महिनाको कार्यअवधिसहित स्थापना गरिएका थिए।

राष्ट्रिय आर्थिक गणना कार्यक्रम तथा राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनका लागि आवश्यक सर्वेक्षण र नियमित कार्यक्रमहरूतर्फ चालुतर्फ रू. ९३ करोड ६९ लाख र पुँजीगततर्फ रू. ४ करोड ६९ लाख गरी **कुल रू. ९८ करोड ३८ लाख** सुरु बजेट विनियोजन भएको थियो।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०८/१५ को निर्णयबाट **"राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२"** स्वीकृत भएपश्चात् अर्थ मन्त्रालयबाट राष्ट्रिय आर्थिक गणना सञ्चालनका लागि आवश्यक थप बजेट व्यवस्थापनका साथै राष्ट्रिय तथ्याङ्क कार्यालयमा एकमुष्ट विनियोजित बजेट रकमान्तर गरी नयाँ स्थापित ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयहरूमा बाँडफाँट गरिएको थियो।

आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा भएको जेन्जी आन्दोलनका कारण सर्वेक्षणको निर्धारित कार्यतालिका प्रभावित भई मुख्य स्थलगत कार्यक्रमहरू चैत महिनामा पर्न गएका थिए। सोही अवधिमा राष्ट्रिय तथ्याङ्क कार्यालय तथा तथ्याङ्क समन्वय कार्यालयका कर्मचारीहरू नयाँ स्थापित जिल्ला आर्थिक गणना कार्यालयहरूमा खटिनुपरेकाले कार्यबोझका कारण केही कार्यक्रम सञ्चालन हुन नसकी **रू. ३ करोड ४२ लाख ८० हजार** बजेट समर्पण गरिएको थियो (तालिका ३)।

## तालिका ३: बजेट तथा खर्चको विवरण

(रकम रू. हजारमा)

| बजेट उपशीर्षक/निकाय | | सुरू बजेट (रू.) | खुद बजेट (रू.) | खर्च (रू.) | खर्च % |
|---|---|---|---|---|---|
| **३०१०८०११ राष्ट्रिय तथ्याङ्क कार्यालय** | चालु | ६,१७,३०० | ३,५७,८५३ | २,३७,४०४ | ६६.३४ |
| | पुँजीगत | ३३,७०० | १७,८४० | ११,३१४ | ६३.४२ |
| | जम्मा | ६,५१,००० | ३,७५,६९३ | २,४८,७१८ | ६६.२० |
| **३०१०८०१२ तथ्याङ्क समन्वय कार्यालयहरू तथा जिल्ला आर्थिक गणना कार्यालयहरू** | चालु | ३,१९,६०० | ८,७८,३६४ | ७,७६,५५५ | ८८.४१ |
| | पुँजीगत | १३,२०० | ३०,४४० | २७,६७३ | ९०.९१ |
| | जम्मा | ३,३२,८०० | ९,०८,८०४ | ८,०४,२२८ | ८८.४९ |
| **कुल** | चालु | ९,३६,९०० | १२,३६,२१७ | १०,१३,९५९ | ८२.०२ |
| | पुँजीगत | ४६,९०० | ४८,२८० | ३८,९८७ | ८०.७५ |
| | जम्मा | ९,८३,८०० | १२,८४,४९७ | १०,५२,९४६ | ८१.९७ |

स्रोतः LMBIS र IPFMS

## ३.२ भौतिक तथा वित्तीय प्रगतिको विश्लेषणात्मक समीक्षा

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका निकायहरूको समग्र भौतिक प्रगति ९६.१ प्रतिशत र वित्तीय प्रगति ८१.५ प्रतिशत हासिल भएको छ (चित्र १)। विगत तीन आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगतिको तुलना गर्दा समीक्षा वर्षमा दुवै सूचकमा उल्लेखनीय सुधार एवम् बढोत्तरी भएको देखिन्छ (चित्र २)।

**चित्र १: निकायगत भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक अवस्था (%)**




**चित्र २: विगत ३ वर्षको समग्र प्रगतिको तुलना**




स्रोत: कार्यालयको वार्षिक प्रतिवेदनहरू

### ३.२.१ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रगति

राष्ट्रिय तथ्याङ्क कार्यालयको भौतिक प्रगति ८८.८% र वित्तीय प्रगति ६५.२% रहेको छ। विगत वर्षको तुलनामा यस आर्थिक वर्षमा भौतिक तथा वित्तीय प्रगतिमा उल्लेखनीय सुधार भएको छ।

### ३.२.२ तथ्याङ्क समन्वय कार्यालयगत प्रगति

क. १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूको **भौतिक प्रगति** समीक्षाः

१. **उच्च प्रगति (८०% भन्दा माथि):** १६ वटा कार्यालय (क्रमशः कास्की, सुर्खेत, पर्सा, इलाम, रूपन्देही, खोटाङ, कैलाली, मोरङ, काभ्रेपलाञ्चोक, गोरखा, दाङ, धनुषा, डोटी, जुम्ला, काठमाडौं र बागलुङ)।

२. **मध्यम प्रगति (६० देखि ८०%):** मकवानपुर (७७.३%) र पाल्पा (७७.१%) (चित्र ३)।

ख. १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूको **वित्तीय प्रगति** समीक्षाः

१. **उच्च प्रगति (८०% भन्दा माथि):** ६ वटा कार्यालय (क्रमशः मोरङ ८९.८%, पर्सा ८७.२%, रूपन्देही ८४.३%, धनुषा ८४.३%, मकवानपुर ८२.२% र काठमाडौं ८१.८%,)।

२. **मध्यम प्रगति (६०% देखि ८०%):** ९ वटा कार्यालय (क्रमशः कास्की ७९.४%, कैलाली ७९.०%, दाङ ७८.९%, इलाम ७८.७%, सुर्खेत ७६.५%, काभ्रेपलाञ्चोक ७२.९%, पाल्पा ७१.२%, खोटाङ ७०.३% र गोरखा ६९.६%)।

३. **न्यून प्रगति (६०% भन्दा कम):** ३ वटा कार्यालय (डोटी ५७.१%, बागलुङ ५६.३% र जुम्ला ५३.५% चित्र ३)।

## चित्र ३: तथ्याङ्क समन्वय कार्यालयगत वित्तीय र भौतिक प्रगति (%)




स्रोत: मातहतका कार्यालयको IPFMS

(द्रष्टव्य: वित्तीय प्रगतिको गणनामा खुद बजेट र भौतिक प्रगतिको गणनामा अनिवार्य दायित्व बाहेकको लिइएको।)

### ३.२.३ कम खर्च हुनुका कारणहरू

आ.व. २०८२/८३ मा मूलतः निम्न कारणबाट वित्तीय प्रगति कम भएको देखिन्छ (चित्र ४, तालिका ४)

**चित्र ४: वित्तीय प्रगति कम हुनुका प्रमुख कारण**

**जनशक्ति अभाव / दरबन्दी रिक्तता**
कार्यबोझ - बजेट समर्पण

**करार जनशक्ति परिचालन**
नियमित कर्मचारीबाटै काम

**सरकारी खर्च नियन्त्रण / मितव्ययिता नीति**
परामर्श कार्यमा रोक, सरकारी हलको प्रयोग

**भर्चुअल माध्यमबाट कार्यक्रम सञ्चालन**
भ्रमण, हलभाडा, बैठक भत्ता खर्च बचत

**बजेट विनियोजन र आवश्यकताबीच तालमेल नमिल्नु**
पूर्वअनुमान र वास्तविकताबीच फरक

**बाह्य/असामान्य परिस्थिति**
जेनजी आन्दोलन र निर्वाचनले कार्यतालिका प्रभावित

## तालिका ४: ८० प्रतिशतभन्दा कम वित्तीय प्रगति हुनुका कारणहरू

| कार्यालय | प्रगति % | ८० प्रतिशतभन्दा कम प्रगति हुनुका मुख्य कारणहरू |
|---|---|---|
| रा.त.का. (केन्द्र) | ६५.२ | • रिक्त दरबन्दी (१ सहसचिव, १ इन्जिनियर र १ कम्प्युटर अपरेटर)<br>• मितव्ययिता नीतिको अवलम्बन<br>• प्रविधिको उच्च प्रयोग (भर्चुअल बैठक तथा गोष्ठी सञ्चालन)<br>• जेन्जी आन्दोलन र निर्वाचनले कार्यतालिकामा पारेको प्रभाव। |
| त.स.का. जुम्ला | ५३.५ | • रिक्त दरबन्दी (१ निर्देशक)<br>• उपलब्ध नियमित कर्मचारीको सक्षम परिचालनद्वारा सर्वेक्षण कार्य (करार जनशक्तिमा हुने खर्च बचत) |
| त.स.का. बागलुङ | ५६.३ | • रिक्त दरबन्दी (३ सुपरिवेक्षक र २ गणक)<br>• नियमित कर्मचारीबाटै सर्वेक्षण सञ्चालन गरी स्रोतको मितव्ययिता कायम गरिएको (आंशिक करार जनशक्ति मात्र प्रयोग) |
| त.स.का. डोटी | ५७.१ | • रिक्त दरबन्दी (१ निर्देशक, १ लेखापाल, ३ गणक, १ खरिदार - साउनदेखि माघसम्म)<br>• नियमित कर्मचारीबाटै सर्वेक्षण सञ्चालन गरी स्रोतको मितव्ययिता कायम गरिएको (आंशिक करार जनशक्ति मात्र प्रयोग) |
| त.स.का. गोरखा | ६९.६ | • रिक्त दरबन्दी (२ गणक)<br>• नियमित कर्मचारीबाटै सर्वेक्षण सञ्चालन गरी स्रोतको मितव्ययिता कायम गरिएको (आंशिक करार जनशक्ति मात्र प्रयोग) |
| त.स.का. खोटाङ | ७०.३ | • उपलब्ध नियमित कर्मचारीको सक्षम परिचालनद्वारा सर्वेक्षण कार्य (करार जनशक्तिमा हुने खर्च बचत) |
| त.स.का. पाल्पा | ७१.२ | • रिक्त दरबन्दी (२ गणक)<br>• उपलब्ध नियमित कर्मचारीको सक्षम परिचालनद्वारा सर्वेक्षण कार्य (करार जनशक्तिमा हुने खर्च बचत) |
| त.स.का. काभ्रेपलाञ्चोक | ७२.९ | • रिक्त दरबन्दी (१ गणक वर्षभरि र १ गणक ६ महिना)<br>• नियमित कर्मचारीबाटै सर्वेक्षण सञ्चालन गरी स्रोतको मितव्ययिता कायम गरिएको (आंशिक करार जनशक्ति मात्र प्रयोग)<br>• राष्ट्रिय तथ्याङ्क कार्यालयको समन्वयमा कार्यक्रम सञ्चालन गरिएको |

| कार्यालय | प्रगति % | ८० प्रतिशतभन्दा कम प्रगति हुनुका मुख्य कारणहरू |
|---|---|---|
| | | • राष्ट्रिय आर्थिक गणनाबाट मेशिनरी सामाग्री उपलब्ध हुने हुँदा विनियोजित बजेट प्रयोग नगरेको |
| त.स.का. सुर्खेत | ७६.५ | • रिक्त दरबन्दी (१ सुपरिवेक्षक, २ गणक) |
| त.स.का. कास्की | ७९ | • मितव्ययी बोलपत्र सम्झौतामार्फत कार्य सम्पन्नता |
| त.स.का. दाङ, इलाम, कैलाली | ७९ | • रिक्त दरबन्दी |

स्रोतः मातहतका कार्यालयको IPFMS

## ३.३ माइलस्टोन कार्यान्वयनको प्रगति स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि तोकिएका कुल **२९ वटा माइलस्टोन** मध्ये २६ वटा पूर्ण रूपमा सम्पन्न भएका छन् भने ३ वटा माइलस्टोनको बजेट समर्पण गरिएको छ।

राष्ट्रिय आर्थिक गणना २०८२ मा कार्यालयका कर्मचारीहरू खटिनुपरेका कारण अतिरिक्त कार्यबोझ भई **'अस्थायी बालीको उत्पादन लागत अध्ययन'** का २ वटा र **'विदेशी पर्यटकको खर्च सम्बन्धी सर्वेक्षण'** को १ वटा गरी ३ वटा माइलस्टोनको बजेट समर्पण गरिएको थियो (चित्र ५, तालिका ५)।

### चित्र ५: माइलस्टोनको प्रगति स्थिति




स्रोतः https://monitoring.opmcm.gov.np/

## तालिका ५: प्रमुख क्रियाकलाप तथा माइलस्टोनको कार्यान्वयन स्थिति

| मुख्य क्रियाकलाप | माइल्स्टोन | एकाइ | पटक | कार्यन्वयन अवस्था |
|---|---|---|---|---|
| नेपाल श्रमशक्ति सर्वेक्षण (चौथो) | सर्वेक्षण औजार (प्रश्नावली, गणना पुस्तिका आदि) तयार गर्ने | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | सम्पन्न |
| नेपाल बहुसूचक सर्वेक्षण, २०८१ | नतिजा सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |
| आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ | नतिजा सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |
| विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | बजेट समर्पण |
| राष्ट्रिय लेखा तथ्याङ्कको कार्यक्रम | त्रैमासिक राष्ट्रिय लेखाको प्रारम्भिक अनुमानको सार्वजनिक गर्ने। | पटक | ४ | सम्पन्न |
| | वार्षिक राष्ट्रिय लेखाको प्रारम्भिक अनुमानको सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |
| | प्रदेशिक राष्ट्रिय लेखाको प्रारम्भिक अनुमानको सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |
| मूल्य तथा उत्पादन सूचकाङ्क तयारी कार्यक्रम | त्रैमासिक कृषि उत्पादक, निर्माण क्षेत्र लागत, औद्योगिक उत्पादक, औद्योगिक उत्पादन मूल्य सूचकाङ्क तयारी एवं प्रकाशन | पटक | ४ | सम्पन्न |
| राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक | राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन गर्ने। | पटक | २ | सम्पन्न |
| विग डाटा प्रशोधन क्षमता विकास गर्ने | R-Software को प्रयोग गरी Big Data प्रशोधन क्षमता विकास गर्ने | पटक | १ | सम्पन्न |
| प्रकाशनहरू सार्वजनीकरण तथा तथा खुला तथ्याङ्कको अवधारणा कार्यान्वयन | तथ्याङ्क ऐन २०७९ को व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |
| | राष्ट्रिय जनगणना २०७८ का विषयगत तथा विश्लेषणात्मक थप प्रतिवेदनहरु सार्वजनिक गर्ने। | सङ्ख्या | ४ | सम्पन्न |
| | Compendium of Environment Statistics प्रतिवेदन सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |
| | Statistical Year Book of Nepal, 2025 प्रकाशन गर्ने। | पटक | १ | सम्पन्न |
| राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय आर्थिक गणना, २०८२ को प्रशासनिक तथा आर्थिक मापदण्ड निर्माण र स्रोत सुनिश्चतता गर्ने | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरु गर्ने | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने। | पटक | १ | सम्पन्न |

| मुख्य क्रियाकलाप | माइल्स्टोन | एकाइ | पटक | कार्यन्वयन अवस्था |
|---|---|---|---|---|
| स्थलगत यातायात सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने। | पटक | १ | सम्पन्न |
| निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने। | पटक | १ | सम्पन्न |
| सहकारी अध्ययन/सर्वेक्षण | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने। | पटक | १ | सम्पन्न |
| व्यावसायिक तरकारी वाली सर्वेक्षण | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | सम्पन्न |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने। | पटक | १ | सम्पन्न |
| अस्थायी बालीको उत्पादन लागत अध्ययन सर्वेक्षण | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गर्ने। | पटक | १ | बजेट समर्पण |
| | स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने। | पटक | १ | बजेट समर्पण |
| निजी शिक्षण संस्थासम्बन्धी सर्वेक्षण | नतिजा सार्वजनिक गर्ने। | पटक | १ | सम्पन्न |

स्रोत: https://monitoring.opmcm.gov.np

## ३.४ कानुनी, नीतिगत तथा रणनीतिक प्रावधानको कार्यान्वयन अवस्था

कार्यालयको प्राविधिक दायित्व तथा प्रशासनिक कार्यसम्पादनलाई तथ्याङ्क ऐन, २०७९, तथ्याङ्क नियमावली, २०८०, तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२–२०८५/८६) तथा चालु आ.व. को नीति तथा कार्यक्रम र बजेट वक्तव्यसँग आबद्ध गरी कार्यान्वयन गरिएको छ।

## तालिका ६: कानुनी प्रावधानको कार्यान्वयन अवस्था

| क्र.सं. | कानुनी/नीतिगत प्रावधान | कार्यान्वयनको प्रमुख उपलब्धि तथा अवस्था |
|---|---|---|
| १ | तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० | • १ वटा संस्थालाई तथ्याङ्क सङ्कलन अनुमति र २ संस्थाको तथ्याङ्क प्रमाणीकरण गरिएको (दफा ८ र ९)<br>• राष्ट्रिय तथ्याङ्क परिषद्को पाँचौ र छैटौं बैठक सम्पन्न (दफा २०)<br>• रणनीतिको कार्यान्वयन कार्ययोजना तथा वार्षिक कार्ययोजना स्वीकृत (दफा २१)<br>• 'राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालन सम्बन्धी निर्देशिका, २०८३' र 'तथ्याङ्क सङ्कलन, नमुना छनोट, विश्लेषण तथा सम्परीक्षण सम्बन्धी कार्यविधि, २०८३' स्वीकृत (दफा ३६)<br>• आधिकारिक तथ्याङ्क उत्पादक निकायहरूको चालु आ.व.को तथ्याङ्कीय विवरण वेबसाइटमार्फत सार्वजनिक (नियम ६)<br>• तथ्याङ्क उत्पादक निकायहरूमा अधिकृतस्तरको सम्पर्क व्यक्ति तोकिएको (नियम १०)<br>• ९४ जना व्यक्ति/संस्थालाई सूक्ष्म कोरा तथ्याङ्क वितरण गरी रू. ८,६२,४६९।- राजस्व सङ्कलन (नियम १६)। |
| २ | तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) | • सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न<br>• राष्ट्रिय लेखा आधार वर्ष परिवर्तनका लागि आवश्यक सर्वेक्षणहरू सम्पन्न<br>• Small Area Estimation, जनगणना विश्लेषणात्मक प्रतिवेदन, जनसङ्ख्या प्रक्षेपण, राष्ट्रिय आर्थिक गणना २०८२ सञ्चालन, रणनीतिको कार्यान्वयन कार्ययोजना तयार |
| ३ | सोह्रौं योजना | • योजनाले तय गरेका तथ्याङ्कीय सूचकहरूको अद्यावधिक एवम् अनुगमन आधार निर्माण। |
| ४ | आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य | • राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न।<br>• राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनार्थ आवश्यक ४ वटा विषयगत सर्वेक्षण सम्पन्न।<br>• ३४ वटा स्थानीय तहको 'पालिका प्रोफाइल' तयार गरिएको। |

## ३.५ सुशासन, बेरूजु, राजस्व तथा भौतिक सम्पत्ति विवरण

### ३.५.१ हेलो सरकार र गुनासो व्यवस्थापन

समीक्षा अवधिमा 'हेलो सरकार' पोर्टल मार्फत प्राप्त कुल १३ वटा गुनासोमध्ये १ वटा प्रक्रियामा रही बाँकी फछ्यौंट भएको छ। गुनासाहरूको प्रकृति हेर्दा कर्मचारीको व्यवहारसँग सम्बन्धित विषय अधिक रहेको पाइन्छ।

चित्र ६: प्राप्त गुनासो र सोको फछ्यौंट स्थिति (सङ्ख्या)




**स्रोतः हेलो सरकार**

### ३.५.२ बेरूजु अवस्था र फछ्यौंट प्रगति

राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका कार्यालयहरूको हालसम्मको **कुल बेरुजु रू. ४ करोड ३५ लाख ४८ हजार** रहेको छ। कुल बेरुजुमध्ये केन्द्रीय कार्यालयको हिस्सा ९३ प्रतिशत र तथ्याङ्क समन्वय कार्यालयहरूको हिस्सा ७ प्रतिशत रहेको छ।

- **बेरुजुको वर्गीकरणः** कुल बेरुजुमा नियमित गर्नुपर्ने ९१ प्रतिशत, असुलउपर गर्नुपर्ने ५ प्रतिशत र पेश्की बेरुजु ४ प्रतिशत रहेको छ (चित्र ७)।
- **फछ्यौंट प्रगतिः** कुल बेरुजुको **२६.७ प्रतिशत सम्परीक्षण** भइसकेको छ, ५८.७ प्रतिशत सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा प्रेषित गरिएको छ, ३.३ प्रतिशतको फछ्यौंट भौचर प्राप्त भएको छ भने बाँकी ११.३ प्रतिशतको विवरण/कागजात अनुगमनको क्रममा रहेको छ (चित्र ८)।
- आ.व. २०७९/८० देखिको लगती बेरुजु शून्य रहेको छ।

## चित्र ७: बेरूजुको किसिम (हालसम्म रकम रू.)




## चित्र ८: बेरूजु फछ्यौंट स्थिति



| | बेरूजु रकम रू. | सम्परीक्षण भएको | सम्परीक्षणका लागि प्रेषित | फछ्यौंर्टका लागि प्राप्त भौचर तथा भौचरको प्रतिलिपी |
|---|---|---|---|---|
| कुल | ४३५४८००० | ११६३३०८० | २५५४९४५५ | १४५४८६७ |
| राष्ट्रिय तथ्याङ्क कार्यालय | ४०५५१००० | ११६३३०८० | २५५४९४५५ | ८७९९२७ |
| तथ्याङ्क समन्वय कार्यालय | २९९७००० | | | ५७४९४० |

कुल   राष्ट्रिय तथ्याङ्क कार्यालय   तथ्याङ्क समन्वय कार्यालय

### ३.५.३ राजस्व

आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयबाट **कुल रू. १५ लाख ५९ हजार २५०** राजस्व सङ्कलन भई दाखिला भएको छ। माइक्रोडाटा बिक्रीबाट सबैभन्दा बढी राजस्व प्राप्त भएको छ (तालिका ७, चित्र ९)। गत आ.व. को तुलनामा यस आ.व.मा राजस्वमा सङ्कलनमा वृद्धि भएको छ (चित्र १०)।

**तालिका ७: राजस्व सङ्कलन विवरण**

| क.सं. | राजस्व शीर्षक | राजस्व विवरण | राजस्व आम्दानी |
|---|---|---|---|
| १ | १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ४,२०,४५० |
| २ | १४२१२ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | १,०८,००० |
| ३ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम (Microdata बिक्री) | ८,६२,४६९ |
| ४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७६,००० |
| ५ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५३,९३० |
| ६ | १५१११ | बेरूजु असुली | ३८,४०१.५ |
| **कुल जम्मा** | | | **१५,५९,२५०.५** |

स्रोतः RMIS

**चित्र ९: सङ्कलित राजस्व विवरण**




स्रोतः RMIS

चित्र १०:सङ्कलित राजस्वको वार्षिक तुलनात्मक विवरण




स्रोतः RMIS

(द्रष्टव्यः राष्ट्रिय जनगणना, २०७८ को राष्ट्रिय तथा प्रदेशिक नतिजा सार्वजनिक कार्य पश्चात भरिएका सबै प्रश्नावली फाराम नियमानुसार धुल्याउने कार्य बापत प्राप्त राजस्वका कारण आ.व. २०८०/८१ मा अरू आ.व. को तुलनामा राजस्व बढी भएको।)

## ३.५.४ भौतिक सम्पत्ति विवरण

तथ्याङ्क प्रणालीको सुदृढीकरणका लागि भौतिक पूर्वाधार प्रमुख आधार भए तापनि मातहतका कार्यालयहरूमा भवन तथा सवारी साधनको सुलभता अझै चुनौतीपूर्ण रहेको छ (तालिका ८)।

- **कार्यालय भवनः** केन्द्रीय कार्यालयका २ वटा भवन रहेका छन्। त्यस्तै १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूमध्ये **७ वटा कार्यालयको मात्रै सरकारी भवन** रहेको छ भने बाँकी कार्यालयहरू भाडाका भवनमा सञ्चालित छन्।
- **सवारी साधन स्थितिः** केवल **७ वटा समन्वय कार्यालयहरूसँग मात्र चारपाङ्ग्रे सवारी साधन** उपलब्ध छ। मिति २०८२ भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा आगजनी भई तथ्याङ्क समन्वय कार्यालय, कास्कीको १ वटा चारपाङ्ग्रे सवारी साधन पूर्ण रूपमा क्षति भएको थियो।

## तालिका ८: भौतिक सम्पत्ति तथा पूर्वाधारको विवरण

| कार्यालय | कार्यालय भवन | चार पाङ्ग्रे सवारी साधन | | | दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल/स्कुटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु हालतमा रहेको | मर्मत गर्नुपर्ने | लिलाम/मिनाहा गर्नुपर्ने | चालु हालतमा रहेको | मर्मत गर्नुपर्ने | लिलाम/मिनाहा गर्नुपर्ने |
| रा.त.का. | २ | ९ | ४ | २ | ५७ | २० | १३ |
| त.स.का. इलाम | - | - | - | - | २ | - | १ |
| त.स.का. खोटाङ | - | - | - | - | ४ | २ | - |
| त.स.का. मोरङ | - | १ | - | - | २ | - | १ |
| त.स.का. धनुषा | - | १ | - | - | २ | ३ | - |
| त.स.का. पर्सा | - | - | - | - | १ | - | २ |
| त.स.का. काभ्रेपलाञ्चोक | - | - | - | - | २ | - | - |
| त.स.का. मकवानपुर | १ | १ | - | - | ४ | - | १ |
| त.स.का. काठमाडौं | - | १ | - | - | ४ | १ | १ |
| त.स.का. गोरखा | - | - | - | - | - | २ | - |
| त.स.का. कास्की | १ | - | - | १ | ३ | २ | ३ |
| त.स.का. बागलुङ | १ | - | - | - | २ | - | - |
| त.स.का. रूपन्देही | - | - | - | - | ३ | - | ३ |
| त.स.का. पाल्पा | १ | - | - | - | १ | १ | - |
| त.स.का. दाङ | - | १ | - | - | ५ | १ | २ |
| त.स.का. जुम्ला | १ | - | - | - | २ | - | - |
| त.स.का. सुर्खेत | १ | १ | - | - | ३ | १ | - |
| त.स.का. डोटी | १ | - | - | - | ४ | - | - |
| त.स.का. कैलाली | - | १ | - | - | - | - | - |
| **कुल** | **९** | **१६** | **४** | **३** | **१०१** | **३३** | **२७** |

स्रोतः म.ले.प. फाराम नं. ४११ बाट साभार

# परिच्छेद ४

# प्रमुख समस्या, समाधानका उपाय, अवसर र चुनौती

नेपालको संविधानद्वारा प्रदत्त तीनै तहका सरकारका तथ्याङ्कीय अधिकार, तथ्याङ्क ऐन, २०७९, तथ्याङ्क नियमावली, २०८० तथा तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रोको मार्गदर्शनमा रही राष्ट्रिय तथ्याङ्क कार्यालय तथा मातहतका निकायहरूले आफ्नो कार्यसम्पादन गरिरहेका छन्। समीक्षा अवधिमा राष्ट्रिय आर्थिक गणना २०८२, नेपाल श्रमशक्ति सर्वेक्षण (चौथो) लगायतका विषयगत सर्वेक्षण र नियमित तथ्याङ्कीय गतिविधि सञ्चालनका क्रममा देखा परेका संस्थागत, कानुनी, प्राविधिक तथा व्यवस्थापकीय समस्याहरू, सोको सम्बोधनका लागि अपनाइएका उपायहरू र भावी सुधारका लागि रणनीतिक सुझावहरूलाई यस परिच्छेदमा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ। साथै, सङ्घीय प्रशासनिक ढाँचामा राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सुदृढ र आधुनिक बनाउन उपलब्ध प्रमुख अवसरहरू र सामना गर्नुपर्ने सम्भावित चुनौतीहरूको समेत वस्तुपरक विश्लेषण गरिएको छ।

## ४.१ कानुनी तथा नीतिगत ढाँचासँगको तालमेल र रणनीतिक विश्लेषण

समीक्षा अवधिमा देखा परेका संस्थागत, कानुनी, प्राविधिक तथा व्यवस्थापकीय समस्याहरू र सोको सम्बोधनका लागि लिइएका रणनीतिहरू निम्नानुसार रहेका छन्:

- **संवैधानिक अधिकार र सङ्घीयता सम्बोधन:** नेपालको संविधानको अनुसूची ५ (सङ्घ), अनुसूची ६ (प्रदेश), अनुसूची ७ (साझा), र अनुसूची ८ (स्थानीय तह) मा तथ्याङ्कसम्बन्धी कार्यक्षेत्र तोकिएको छ। यद्यपि, प्रदेश र स्थानीय तहमा अधिकार अनुकूलको संस्थागत ढाँचा र कानुनको अभावमा तीनै तहबिच स्वचालित तथ्याङ्कीय समन्वय कायम हुन सकेको छैन।
- **तथ्याङ्क ऐन, २०७९ तथा नियमावली, २०८० को कार्यान्वयन:** ऐनको दफा ३६ तथा नियम ६ र १० बमोजिम राष्ट्रिय मापदण्ड तथा समन्वयको प्रयास भए तापनि स्थानीय तहमा NDP र HMIS/EMIS जस्ता विभागीय प्रणालीहरू सिधै एकीकृत हुन नसक्दा तथ्याङ्कको अद्यावधिकतामा ढिलाइ भएको छ।
- **तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (NSDS II):** रणनीतिको स्तम्भ ३ (क्षमता विकास) र स्तम्भ ४ (डिजिटल रूपान्तरण) अनुरूप कार्य गर्न प्राविधिक दरबन्दी (IT/Software Engineers) को कमी र पुराना भौतिक पूर्वाधारका कारण अनलाइन तथा Real-time तथ्याङ्क व्यवस्थापनमा चुनौती सिर्जना भएको छ।
- **आर्थिक कार्यविधि तथा वित्तीय नियमन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ का विद्यमान मापदण्डहरू दुर्गम भौगोलिक क्षेत्रमा सञ्चालन हुने जटिल सर्वेक्षणका लागि व्यावहारिक नदेखिएकाले विशेष बजेट तथा आर्थिक मापदण्ड परिमार्जन गर्नुपर्ने आवश्यकता छ।

## ४.२ कार्यसञ्चालनका समस्या, अवलम्बन गरिएका उपाय तथा रणनीतिक सुझाव

कार्यालयको दैनिक कार्यसञ्चालन, स्थलगत सर्वेक्षण, पूर्वाधार, बजेट तथा प्रविधि व्यवस्थापनका क्षेत्रमा देखा परेका मुख्य विषयगत समस्याहरू, तात्कालिक रूपमा लिइएका उपायहरू र दीर्घकालीन सुधारका लागि तय गरिएका रणनीतिक सुझावहरूलाई देहाय अनुसारको तालिकामा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छः

### तालिका ९ः प्रमुख समस्या, समाधानका उपाय र भावी रणनीतिक सुझाव

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **सवारी साधन तथा यातायात** | | | |
| १ | कार्यालयहरूमा सवारी साधनको अभावले तथ्याङ्क सङ्कलन र अनुगमनमा कठिनाइ भएको; दुर्गम क्षेत्रमा यातायात भाडा अत्यन्त महँगो भएको। | • पुराना सवारी साधन मर्मत गरी प्रयोगमा ल्याइएको।<br>• सार्वजनिक यातायात र कर्मचारीका निजी मोटरसाइकलको अधिकतम प्रयोग गरिएको। | • प्रत्येक तथ्याङ्क समन्वय कार्यालयमा कम्तीमा १ वटा चारपाङ्ग्रे र दुर्गममा उपयुक्त मोटरसाइकल खरिद बजेट व्यवस्था गर्ने।<br>• भौगोलिक विकटताका आधारमा यथार्थपरक यातायात भत्ता हुनुपर्ने। |

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **जनशक्ति र दरबन्दी व्यवस्थापन** | | | |
| २ | स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभई धेरै पद रिक्त रहेकाले सीमित कर्मचारीमा कार्यभार बढेको; IT जनशक्तिको अभाव रहेको; कार्यक्षेत्र ५-६ जिल्लामा विस्तार भई सन्तुलन नमिलेको। | • उपलब्ध जनशक्तिलाई उपयोग गरी समयमै काम सम्पन्न गरिएको।<br>• लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरिएको। | • कार्यमा बाधा नपर्ने गरी काज/सरूवा गर्ने नीति लिने।<br>• O&M सर्वेक्षण मार्फत वास्तविक कार्यबोझका आधारमा दरबन्दी थप गर्ने।<br>• IT जनशक्तिको व्यवस्थापन गर्ने। |
| **कार्यालय भवन तथा पूर्वाधार** | | | |
| ३ | १८ मध्ये १३ वटा कार्यालयको आफ्नै भवन नभई भाडामा सञ्चालित रहेको; सभाहल, फर्निचर, दराज लगायत आधारभूत पूर्वाधार पर्याप्त नरहेको। | • उपलब्ध पूर्वाधारकै अधिकतम सदुपयोग गरी भाडाका भवनबाट कार्य सञ्चालन गरिएको। | • पुँजीगत बजेट वृद्धि गरी आवश्यक पूर्वाधार व्यवस्था गर्ने। |
| **कम्प्युटर, ल्यापटप तथा प्रविधि उपकरण** | | | |
| ४ | कर्मचारीहरूसँग आवश्यक मात्रामा ल्यापटप/डेस्कटपको अभावले डिजिटल तथ्याङ्क प्रशोधनमा अवरोध। | • उपलब्ध सीमित उपकरणहरूको अधिकतम सदुपयोग गरिएको। | • बजेट मार्फत अत्याधुनिक ल्यापटप/कम्प्युटर व्यवस्था गर्ने। |

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **राष्ट्रिय तथ्यगत विवरण (NDP Portal)** | | | |
| ५ | NDP Portal प्राविधिक रूपमा अवरूद्ध हुने; स्थानीय तहको प्राथमिकतामा नपर्दा विवरण नियमित अद्यावधिक नहुने; कर्मचारी सरूवाले निरन्तरतामा असर परेको। | • अनुगमनका क्रममा IT शाखाको समन्वयमा विवरण अद्यावधिक गरिएको।<br>• जनप्रतिनिधिलाई NDP को महत्त्वबारे जानकारी गराइएको। | • NDP सञ्चालनको जिम्मेवारी IT शाखालाई र अनुगमन समन्वय शाखालाई सुम्पिने।<br>• पालिका प्रमुख/उपप्रमुखलाई अनिवार्य अभिमुखीकरण दिने।<br>• HMIS, EMIS लगायतका प्रणालीलाई सिधै NDP सँग API मार्फत जोड्ने।<br>• स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनमा NDP लाई अङ्कभार तोकी अनिवार्य गर्ने। |
| **बजेट विनियोजन तथा वित्तिय व्यवस्थापन** | | | |
| ६ | नमुना आकारको पूर्वानुमान र वास्तविक आकारमा भिन्नता हुनु; मूल्य सङ्कलन प्रतिष्ठान बन्द हुँदा निरन्तरतामा समस्या; कार्यालय सञ्चालन बजेट न्यून हुनु। | • आवश्यकताअनुसार रकमान्तर गरी बजेट व्यवस्थापन गरिएको।<br>• कार्यक्रमगत प्राथमिकताका आधारमा खर्च गरिएको। | • नमुना छनोट र स्थलगत कार्य फरक-फरक आ.व. मा राखी बजेट सुनिश्चित गर्ने।<br>• प्रतिष्ठान प्रतिस्थापनसम्बन्धी स्पष्ट कार्यविधि/निर्देशन जारी गर्ने। |

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **दैनिक भ्रमण भत्ता तथा सेवा-सुविधा** | | | |
| ७ | स्थलगत कार्यमा खटिने कर्मचारीको दैनिक/भ्रमण भत्ता हालको बजार दर अनुसार अत्यन्त कम रहेको; तालिम स्टेसनरी दर (रू. ५०/सहभागी) अपर्याप्त रहेको। | • उपलब्ध सीमित भत्ता र सुविधाभित्रै रही कार्य सम्पादन गरिएको। | • भ्रमण खर्च नियमावली, २०६४ पुनरावलोकन गरी तथ्याङ्क सङ्कलनमा खटिनेका लागि विशेष दर तोक्न सम्बन्धित निकायमा अनुरोध गर्ने।<br>• दैनिक/भ्रमण भत्ता र तालिम स्टेसनरी खर्च समयानुकूल वृद्धि गर्ने। |
| **तथ्याङ्कीय जनचेतना र Non-Response** | | | |
| ८ | उत्तरदाता (परिवार/प्रतिष्ठान) मा जनचेतनाको कमीले Non-Response बढ्ने; तथ्याङ्क उत्पादक र प्रयोगकर्ताबिच खाडल हुनु; धेरै निकायले छुट्टाछुट्टै तथ्याङ्क माग्दा उत्तरदातामा भार पर्नु। | • स्थानीय संघ-संस्थासँग समन्वय गरी तथ्याङ्क साक्षरता कार्यक्रम सञ्चालन गरिएको।<br>• स्थानीय तहसँग समन्वय र पैरवी गरिएको। | • राष्ट्रियस्तरको 'तथ्याङ्क साक्षरता अभियान' सञ्चालन गर्ने।<br>• नीति, योजना र बजेट प्रक्रियामा आधिकारिक तथ्याङ्क प्रयोग अनिवार्य गर्ने।<br>• तीनै तहमा एकीकृत तथ्याङ्कीय एकाइ स्थापना गर्ने। |

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **संस्थागत संरचना र कार्यक्षेत्र** | | | |
| ९ | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र (३-६ जिल्ला) र दरबन्दी तालमेल नमिल्नु; प्रदेश र स्थानीय तहमा नीतिगत/संस्थागत ढाँचा अभाव; निजी/सरकारी तथ्याङ्कमा पहुँच स्थापित हुन नसक्नु। | • उपलब्ध जनशक्तिबाटै कार्य सम्पादन गरिएको।<br>• एकै भ्रमणमा बहु-कार्यक्रमको जिम्मेवारी दिइएको।<br>• सम्बन्धित निकायसँग निरन्तर समन्वय/MOU गरिएको। | • १८ वटै समन्वय कार्यालयको कार्यक्षेत्र, अवस्थिति र सुपरिवेक्षक-गणक अनुपात पुनरावलोकन गर्ने।<br>• प्रदेश/स्थानीय तहका लागि तथ्याङ्कसम्बन्धी 'नमुना कानुन' तर्जुमा गर्ने।<br>• तीन तहका सरकारबिच नियमित Data Sharing Policy लागू गर्ने। |
| **भौगोलिक विकटता तथा स्थलगत व्यवस्थापन** | | | |
| १० | हिमाली/दुर्गम क्षेत्रमा समयमै पुग्न कठिन हुने; राष्ट्रियस्तरका गणना चल्दा नियमित सर्वेक्षण प्रभावित हुने; सङ्कलन र अनुगमनको बजेट एकै शीर्षकमा हुँदा अनुगमन खर्च बढी हुने। | • तथ्याङ्क सङ्कलन अवधि थप गरी जनशक्ति खटाइएको।<br>• नियमित सर्वेक्षणका लागि छुट्टै कर्मचारी तोकिएको। | • दुर्गमका कार्यालय प्रमुखलाई ७ दिनभन्दा बढीको भ्रमण स्वीकृत गर्ने अख्तियारी दिने।<br>• राष्ट्रिय गणना र नियमित सर्वेक्षणको कार्यतालिका नजुध्ने गरी मिलाउने।<br>• LMBIS मा तथ्याङ्क सङ्कलन र अनुगमनका छुट्टाछुट्टै खर्च शीर्षक कायम गर्ने। |

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **आकस्मिक परिस्थिति तथा उद्धार व्यवस्थापन** | | | |
| ११ | स्थलगत तथ्याङ्क सङ्कलनका क्रममा (जस्तै डोल्पामा) गणक बिरामी परी हेलिकोप्टरबाट उद्धार गर्दा सोको भुक्तानीका लागि स्पष्ट बजेट/शीर्षक नहुनु। | • गृह मन्त्रालय/नेपाली सेनासँग समन्वय गरी उद्धार गरिएको।<br>• बजेट रकमान्तर मार्फत भुक्तानीका लागि पहल गरिएको। | • जोखिमयुक्त/दुर्गम क्षेत्रका सर्वेक्षण कार्यक्रममा 'आकस्मिक उद्धार बजेट' पूर्व-स्वीकृत गर्ने। |
| **तथ्याङ्क गुणस्तर, प्रशोधन र प्रतिवेदन** | | | |
| १२ | सङ्कलित विवरणमा असङ्गति देखिने; प्रशोधन र प्रतिवेदन प्रकाशनमा ढिलाइ हुने; प्रतिष्ठानबाट विवरण प्राप्तिमा ढिलाइ हुनु। | • Data Verification, Editing र Consistency Check कडाइका साथ गरिएको।<br>• निरन्तर ताकेता गरी विवरण प्राप्त गरिएको।<br>• नियमित विद्युतीय अनुगमन प्रणाली (Dashboard को व्यवस्था गरिएको)। | • आधुनिक डिजिटल प्रणालीको प्रयोग बढाउने।<br>• गणक र सुपरिवेक्षकका लागि नतिजामुखी अभिमुखीकरण तालिम सञ्चालन गर्ने।<br>• स्वचालित Data Validation प्रविधि लागु गर्ने। |
| **सूचना प्रविधि जनशक्ति व्यवस्थापन** | | | |
| १३ | IT कर्मचारीको अभावले वेबसाइट व्यवस्थापन, डाटाबेस सञ्चालन र अनलाइन प्रणालीमा प्राविधिक कठिनाइ हुनु। | • उपलब्ध प्राविधिक ज्ञान भएका आन्तरिक कर्मचारीबाट व्यवस्थापन गरिएको। | • स्थायी/करार प्राविधिक दरबन्दी सिर्जना गर्ने। |

| क्र.सं. | समस्या / चुनौती | अवलम्बन गरिएको समाधानको उपाय | सुझाव |
|---|---|---|---|
| **कार्यक्रम स्थल तथा तालिम हलको उपलब्धता** | | | |
| १४ | सरकारी हल सहजै उपलब्ध नहुँदा तालिम तथा समीक्षा कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुने। | • कार्यालयकै सभाहल वा नजिकका अन्य उपलब्ध स्थानमा कार्यक्रम गरिएको। | • सरकारी हल उपलब्ध नभएको खण्डमा निर्धारण गरिएको सीमाभित्र रही निजी हल भाडामा लिन पाउने लचिलो प्रावधान राख्ने। |

## ४.३ राष्ट्रिय तथ्याङ्क प्रणालीका प्रमुख अवसरहरू

नेपालको वर्तमान सङ्घीय प्रशासनिक ढाँचा र बदलिँदो अन्तर्राष्ट्रिय परिवेशमा राष्ट्रिय तथ्याङ्क प्रणाली सुदृढ गर्न निम्न रणनीतिक अवसरहरू उपलब्ध रहेका छन्:

१. **संवैधानिक तथा कानुनी प्रत्याभूति:** संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र तथ्याङ्कीय अधिकार स्पष्ट रूपमा समावेश गरिएकाले तीनै तहमा तथ्याङ्कीय संरचना निर्माणको संवैधानिक आधार प्राप्त छ।

२. **संस्थागत स्वायत्तता र अधिकार सम्पन्नता:** तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८० जारी भएसँगै केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत स्थापित भएको छ।

३. **योजनाबद्ध रणनीतिक मार्गदर्शन (NSDS II):** तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (NSDS II) को कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयन आएसँगै आगामी वर्षका लागि योजनाबद्ध र नतिजामुखी विकासको दिशानिर्देश गरेको छ।

४. **प्रमाणमा आधारित नीति निर्माण:** नेपालको दिगो विकास लक्ष्य (SDG) अनुगमन, सोह्रौं योजनाका सूचक मापन, र LDC Graduate रणनीतिका लागि प्रमाणमा आधारित नीति निर्माणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा तथ्याङ्कको माग र महत्त्व अभूतपूर्व रूपमा बढेको छ।

५. **विकास साझेदारहरूको प्राविधिक सहयोगः** UNDP, UNICEF, World Bank, UNFPA, ADB, FCDO, UN Women लगायतका अन्तर्राष्ट्रिय विकास साझेदारहरू नेपालको तथ्याङ्कीय क्षमता विकास, प्रविधि हस्तान्तरण र नयाँ सर्वेक्षणमा निरन्तर सहयोग गर्न सकारात्मक रहेका छन्।

## ४.४ रणनीतिक चुनौतीहरू

अवसरहरूको अधिकतम उपयोग गर्दै गुणस्तरीय र विश्वसनीय तथ्याङ्क समयमै उपलब्ध गराउन निम्न बहुआयामिक चुनौतीहरू विद्यमान छन्:

१. **प्रादेशिक तथा स्थानीय कानुनी संरचनाको अभाव सम्बोधनः** सङ्घीयताको भावनाअनुसार प्रदेश र स्थानीय तहमा तथ्याङ्कसम्बन्धी प्रादेशिक तथा स्थानीय तथ्याङ्क ऐन, नियमावली र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु।

२. **तीनै तहमा संस्थागत संरचना र जनशक्ति व्यवस्थापनः** तीन वटै तहका सरकारहरूमा तथ्याङ्क सेवा/समूहका स्थायी पदसोपानसहितका तथ्याङ्कीय एकाइहरू स्थापना गर्नु र आवश्यक दक्ष जनशक्ति पदपूर्ति गर्नु।

३. **स्वचालित र एकीकृत अन्तर-सरकार रिपोर्टिङ प्रणालीः** सङ्घ, प्रदेश र स्थानीय तहबिच मासिक/त्रैमासिक रूपमा तथ्याङ्क आदानप्रदान हुने एकीकृत, स्वचालित र आधुनिक 'एकीकृत तथ्याङ्कीय प्रणाली' निर्माण गर्नु।

४. **प्रविधि, पूर्वाधार र Real-Time Data को विकासः** कागजी तथ्याङ्क सङ्कलन प्रणालीलाई व्यवस्थापन गरी CAPI, GIS प्रविधि र Real-Time Data Entry मार्फत तथ्याङ्कको शुद्धता र शीघ्रता कायम गर्नु।

५. **निकायगत Data Sharing संस्कृतिको निर्माणः** विभिन्न मन्त्रालय, विभाग र निकायहरूबिच आफ्ना प्रशासनिक डेटाबेसहरू आपसमा साटासाट गर्ने Data Sharing Culture को विकास गर्नु।

६. **खुला तथ्याङ्क र बिग डेटा प्रविधिको अङ्गीकारः** राष्ट्रिय तथ्याङ्क प्रणालीमा 'खुला तथ्याङ्क' को अवधारणा कार्यान्वयन गर्दै बिग डेटा, स्याटेलाइट इमेज्री र Citizen-generated data को उपयोग बढाउनु।

७. **उत्तरदाताको भार (Respondent Burden) न्यूनीकरणः** एउटै उत्तरदाता वा प्रतिष्ठानबाट धेरै निकायले छुट्टाछुट्टै विवरण माग्ने परिपाटी अन्त्य गरी उत्तरदातामा पर्ने प्रशासनिक भार न्यूनीकरण गर्नु।

८. **तथ्याङ्कीय जनशक्तिको व्यावसायिक उत्प्रेरणाः** कठिन भौगोलिक परिस्थितिमा कार्य गर्ने गणक, सुपरिवेक्षक तथा प्राविधिक कर्मचारीहरूका लागि उपयुक्त सेवा-सुविधा, जोखिम भत्ता र वृत्तिविकासका अवसर सुनिश्चित गरी व्यावसायिक उत्प्रेरणा जगाउनु।

९. **घट्दो वैदेशिक सहायता र वित्तीय दिगोपनः** अन्तर्राष्ट्रिय दातृ निकायहरूबाट प्राप्त हुने वैदेशिक सहायता घट्दो क्रममा रहेकाले आन्तरिक स्रोतबाटै राष्ट्रिय गणना तथा सर्वेक्षणहरूको दीर्घकालीन वित्तीय दिगोपन सुनिश्चित गर्नु।

# अनुसूची १

## राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना



# अनुसूची २

## तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यक्षेत्रमा पर्ने जिल्लाहरू तथा दरबन्दी विवरण

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | त.स.अ. रा.प.द्वि. तथ्याङ्क | त.अ. रा.प.तृ. तथ्याङ्क | सुपरिवेक्षक रा.प.अनं. तथ्याङ्क | नायब सुब्बा रा.प.अनं. प्रशासन | लेखापाल रा.प.अनं. लेखा | गणक रा.प.अनं. द्वि तथ्याङ्क | खरिदार रा.प.अनं.द्वि. प्रशासन | सह-लेखापाल रा.प.अनं.द्वि. लेखा | का.स. | कुल दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलाम | इलाम,पाँचथर,ताप्लेजुङ र झापा | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| २ | खोटाङ | खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ३ | मोरङ | मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम र संखुवासभा | १ | २ | ६ | १ | ० | ५ | १ | १ | २ | १९ |
| ४ | धनुषा | धनुषा, सप्तरी, सिराहा र महोत्तरी | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ५ | पर्सा | पर्सा, बारा, रौतहट र सर्लाही | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ६ | काभ्रे पलाञ्चोक | काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र दोलखा | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ७ | मकवानपुर | मकवानपुर, चितवन र सिन्धुली | १ | २ | ३ | ० | ० | ३ | २ | १ | २ | १४ |
| ८ | काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, नुवाकोट र रसुवा | १ | २ | ७ | १ | ० | ५ | १ | १ | २ | २० |
| ९ | गोरखा | गोरखा, लमजुङ र मनाङ | १ | १ | ३ | ० | ० | ३ | २ | १ | २ | १३ |
| १० | कास्की | कास्की, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १ | २ | ४ | ० | ० | ५ | २ | १ | २ | १७ |
| ११ | बागलुङ | बागलुङ, स्याङ्जा, पर्वत, म्याग्दी र मुस्ताङ | १ | २ | ५ | ० | ० | ३ | २ | १ | २ | १६ |
| १२ | रूपन्देही | रूपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), र कपिलवस्तु | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| १३ | पाल्पा | पाल्पा, गुल्मी र अर्घाखाँची | १ | १ | ३ | ० | ० | ३ | २ | १ | २ | १३ |
| १४ | दाङ | दाङ, बाँके, बर्दिया, रोल्पा, प्युठान र रूकम (पूर्वी भाग) | १ | २ | ७ | ० | ० | ३ | २ | १ | २ | १८ |
| १५ | जुम्ला | जुम्ला, मुगु, कालिकोट, हुम्ला र डोल्पा | १ | २ | ५ | ० | ० | ३ | २ | १ | २ | १६ |
| १६ | सुर्खेत | सुर्खेत, सल्यान, जाजरकोट, रूकुम (पश्चिम भाग) र दैलेख | १ | २ | ५ | ० | ० | ५ | २ | १ | २ | १८ |
| १७ | डोटी | डोटी अछाम र बाजुरा | १ | १ | ३ | ० | ० | ३ | २ | १ | २ | १३ |
| १८ | कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, बझाङ र दार्चुला | १ | २ | ७ | ० | ० | ३ | २ | १ | २ | १८ |
| | कुल | | १८ | ३३ | ८२ | २ | ० | ६२ | ३४ | १८ | ३६ | २८५ |

# अनुसूची ३

## प्रकाशित प्रतिवेदनहरू

| क.सं. | प्रकाशित प्रमुख प्रतिवेदन |
|---|---|
| १ | *Education and Inclusion in Nepal (NPHC 2021, Thematic Report)* |
| २ | *Persons with Disability in Nepal (NPHC 2021, Thematic Report)* |
| ३ | *Gender Dynamics in Nepal (NPHC 2021, Thematic Report)* |
| ४ | *Caste and Ethnicity in Nepal (NPHC 2021, Thematic Report)* |
| ५ | *Situation of Children in Nepal (NPHC 2021, Thematic Report)* |
| ६ | *Report of the Nepal Education Institution Survey* |
| ७ | *Nepal Multiple Indicator Cluster Survey 2024-25* |
| ८ | *Nepal Domestic Tourism Survey 2025, National Report* |
| ९ | *Nepal Small Area Estimation of Poverty, 2023 (Monetary Poverty at the Municipality and District Levels)* |
| १० | *National Accounts Statistics of Nepal 2024/25, National Report* |
| ११ | *National Accounts Statistics of Nepal 2025/26* |
| १२ | *National Transfer Accounts* |
| १३ | *त्रैमासिक कृषि उत्पादक मूल्य सूचकाङ्क (APPI) सङ्क्षिप्त प्रतिवेदन* |
| १४ | *त्रैमासिक निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (IPICS) सङ्क्षिप्त प्रतिवेदन* |
| १५ | *त्रैमासिक औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (MPPI) सङ्क्षिप्त प्रतिवेदन* |
| १६ | *त्रैमासिक औद्योगिक उत्पादन सूचकाङ्क (MPI) सङ्क्षिप्त प्रतिवेदन* |
| १७ | *Compendium of Environment Statistics 2026* |
| १८ | *इलाम जिल्लामा लोक्ता (अर्गेली) खेती तथा उत्पादनसम्बन्धी अध्ययन* |
| १९ | *Nepal in Figures 2026* |
| २० | *नेपालको तथ्याङ्कीय झलक २०८३* |
| २१ | *Nepal Statistical Year Book 2025* |
| २२ | *त्रैमासिक तथ्याङ्क गतिविधि* |
| २३ | *व्यावसायिक कुखुरापालन सर्वेक्षण, २०८१* |
| २४ | *श्रम आप्रवासी भर्ना लागत सर्वेक्षण, २०२३* |
| २५ | *नेपाल बहुसूचक सर्वेक्षण, २०८१/८२* |

# अनुसूची ४

## प्रकाशित प्रतिवेदनका प्रमुख सूचक

| क्र.सं. | प्रकाशित प्रतिवेदन | प्रमुख सूचक |
|---|---|---|
| १ | Education and Inclusion in Nepal | • Out-of-school children: 10%<br>• Literacy equity: 0.9 |
| २ | Persons with Disability in Nepal | • Population living with disability: 2.20%<br>• Male-to-Female Sex Ratio among persons with disabilities: 118.5 males per 100 females<br>• Persons with disabilities who are illiterate: 49.80%<br>• Persons with disabilities completing secondary education: 15.90%<br>• Persons with disabilities attaining Bachelor's degree or above: 2.40% |
| ३ | Gender Dynamics in Nepal | • National Sex Ratio: 95.6%<br>• Mean age at marriage (Women): 21.8 years<br>• Adolescent girls married: 8%<br>• Women widowed: 7%<br>• TFR: 1.94<br>• Female-Headed household: 33%<br>• Women owning both house and land: 12%<br>• School Attendance Women (Age 5-25): 69% |
| ४ | Caste and Ethnicity in Nepal | • Top 3 caste (by pop in %): Kshetri, Brahman-Hill, Magar<br>• Bottom 3 caste: Kusunda, Bankariya, Nurang<br>• Highly literate caste: Marwadi, Kayastha, Dev<br>• Lowest literate caste: Natuwa, Dom, Musahar |
| ५ | Situation of Children in Nepal | • Children per HH: 1.5<br>• Children in Lower and Lowest Wealth Quintiles: 45%<br>• Child Marriage (16-17 years): 5%<br>• Children without Birth Registration: 26%<br>• School enrolment: 90%<br>• CSI: 0.72 |

| क्र.सं. | प्रकाशित प्रतिवेदन | प्रमुख सूचक |
|---|---|---|
| ६ | व्यावसायिक कुखुरापालन सर्वेक्षण, २०८१ | • व्यावसायिक कुखुरापालन (७५ जिल्लामा): २२,९२८ फार्म/कृषक<br>• दर्ता भएका फार्म: ६३.७%<br>• सञ्चालक: २०.५% महिला, ४४.८% ३५ देखि ४४ वर्ष उमेर समूह<br>• कुल कुखुरा (सन्दर्भ वर्षमा): १२,७६,९८,८८८<br>• क्षति: ५१.२% कुखुरा<br>• खर्च: करिब रू. ७९ अर्ब<br>• व्यवसाय बन्द (प्रमुख कारण): ४५% बजार अभावका कारण |
| ७ | नेपाल शिक्षण संस्था सर्वेक्षण २०८०/८१ | • सरकारी बाहेकका शिक्षण संस्थाको कुल सङ्ख्या: १०,४११<br>• कुल जनशक्ति सङ्ख्या: ३११,५१६<br>• कुल रोजगारी सङ्ख्या: ३००,०२१<br>• तलब/ज्याला (रू. हजारमा): रू. ७४,६१९,८२२<br>• स्थिर सम्पत्तिको कुल मूल्य (रू. हजारमा): रू. ३०९,२१९,२६७<br>• मध्यवर्ती उपभोगको कुल मूल्य (रू. हजारमा): रू. ३५,३९९,००८<br>• कुल उत्पादन मूल्य (रू. हजारमा): रू. १९५,४६५,६५७<br>• कुल आगत (रू. हजारमा): रू. ११४,४४७,४४६<br>• कुल मूल्य अभिबृद्धि (रू. हजारमा): रू. १६०,०६७,३३९ |
| ८ | श्रम आप्रवासी भर्ना लागत सर्वेक्षण, २०२३ | • विदेशबाट फर्किएका अन्तर्राष्ट्रिय आप्रवासी: ३.८%<br>• कुनै शुल्क नतिरी वैदेशिक रोजगारीमा (प्रति १०० मा): ३५ जना<br>• मासिक आम्दानी (औसतमा): रू. ५४,४०३।- (उच्च: मलेसिया)<br>• भर्ना लागत (औसतमा): महिलाहरूको पुरूषको भन्दा बढी<br>• RCI: ३.३ महिना |

<table>
<tr><th>क्र.सं.</th><th>प्रकाशित प्रतिवेदन</th><th>प्रमुख सूचक</th></tr>
<tr><td>९</td><td>नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२</td><td>
• बाल मृत्यु (प्रति १००० जीवित जन्ममा):<br>
  ○ १ महिना उमेर नपुग्दै: १७ जना<br>
  ○ १ वर्ष उमेर नपुग्दै: २७ जना<br>
  ○ ५ वर्षमुनि: ३१ जना<br>
• कुल प्रजननदर प्रति महिला: औसत १.९ जीवित जन्म<br>
• लिखुरेपन (Underweight): १६.९%, पुड्कोपन (Stunting): २६.२%, ख्याउटेपन (Wasting): ६.६%, उचाइअनुसार तौल बढी: २.१%<br>
• जन्मदर्ता (५ वर्षमुनिका): ८५.४%<br>
• बालश्रममा सङ्लग्न: १२.१%<br>
• ३.४% बालबालिकाको जन्म दिने आमाबाबु (एक/दुवै) को मृत्यु र ३३.२% बालबालिकाको आमाबाबु विदेशमा<br>
• १५ वर्ष उमेर पूरा हुनुअघि विवाह: ५.१%<br>
• सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्ति: २०.५%<br>
• राति एक्लै हिँड्दा सुरक्षित महसुस गर्नेको प्रतिशत: ७५.८%<br>
• डिप्रेसन वा चिन्ताका लक्षण अनुभव: ९.३%<br>
• आत्महत्याको प्रयास: १.८%<br>
• विद्युत सेवामा पहुँच भएका घरपरिवार: ९६.७%<br>
• इन्टरनेट सुविधा सहितको उपकरण प्रयोग गर्ने घरपरिवार: ८२%<br>
• सुधारिएको पानीको स्रोत प्रयोग गर्ने घरपरिवार: ९८.२%<br>
(नोट: फरक सूचकको लागि फरक उमेर समूह रहेको)
</td></tr>
<tr><td>१०</td><td>आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२</td><td>
• घरपरिवारको पर्यटकीय सहभागिता दर: ५२.४%<br>
• कुल पर्यटकीय खर्च: रू. ४,५९,०५ करोड<br>
• कुल गार्हस्थ्य उत्पादन (GDP) मा योगदान: २.६५%<br>
• कुल पर्यटन मूल्य अभिवृद्धि (GVA): रू. १,४४,४९ करोड<br>
• कुल पर्यटकीय उपभोग: रू. ४,०७,१७ करोड<br>
• रात बिताउने भ्रमणको औसत अवधि: ५.३३ दिन<br>
• प्रमुख गन्तव्य:<br>
  ○ रात बिताउने भ्रमण: काठमाडौं, चितवन र कास्की<br>
  ○ मनोरञ्जन तथा बिदा मनाउन: कास्की सबैभन्दा लोकप्रिय
</td></tr>
</table>

| क्र.सं. | प्रकाशित प्रतिवेदन | प्रमुख सूचक |
|---|---|---|
| | | • उमेर समूहः युवा पुस्ताको बाहुल्यता (जेनेरेसन जेड-२६.६%, जेनेरेसन अल्फा तथा बिटा- २२.६% र जेनेरेसन वाई- २२.०%)<br>• भ्रमणको आवृत्ति (पर्यटक घरपरिवारमध्ये):<br>वर्षमा एक पटक-३३.३%, दुई पटक-३२.२%, तीन वा सोभन्दा बढी पटक-३४.५% |
| ११ | राष्ट्रिय लेखा अनुमान | • कुल गार्हस्थ्य उत्पादन (GDP आधारभूत मूल्यमा): रू. ५७९५ अर्ब<br>• कुल गार्हस्थ्य उत्पादन (GDP आधारभूत मूल्यमा) वृद्धिदरः ३.६८%<br>• कुल गार्हस्थ्य उत्पादन (GDP उपभोक्ताको मूल्यमा): रू. ६६०० अर्ब<br>• कुल गार्हस्थ्य उत्पादन (GDP उपभोक्ता मूल्यमा) वृद्धिदरः ३.८५%<br>• प्रादेशिक GDP वृद्धिदर (उपभोक्ताको मूल्यमा): कोशी ३.१३%, मधेश १.३१%, बागमती ५.४% गण्डकी ५.०१%, लुम्बिनी २.८७%, कर्णाली २.९४% र सुदूरपश्चिम ३.२८% |
| १२ | National Transfer Accounts | • प्रतिव्यक्ति जीवन चक्र अभाव (Life Time Deficit): रू. ५२,३६६<br>• श्रम आम्दानी भन्दा उपभोग बढी हुने उमेर समूह: ० देखि २६ र ४७ वर्ष र सोभन्दा माथि<br>• श्रम आम्दानी भन्दा उपभोग कम हुने उमेर समूह: २७ देखि ४६ वर्ष<br>• जीवनचक्र अभावः रू. १५२७ अर्ब |
| १३ | मूल्य तथा उत्पादन सूचकाङ्क | • त्रैमासिक कृषि उत्पादक मूल्य सूचकाङ्क (APPI):<br>आ.व.२०८१/८२ को चौथो त्रैमासिक १८३.६९, बार्षिक १८६.११<br>आ.व.२०८२/८३ को प्रथम त्रैमासिक १९३.७२, दोश्रो त्रैमासिक १४९.३४, तेश्रो त्रैमासिक<br>• त्रैमासिक निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (IPICS):<br>आ.व.२०८१/८२ को चौथो त्रैमासिक १५४.४०, बार्षिक १५२.६०<br>आ.व.२०८२/८३ को प्रथम त्रैमासिक १५२.३०, दोश्रो त्रैमासिक १५२.१०, तेश्रो त्रैमासिक १५७.६०<br>• त्रैमासिक औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (MPPI):<br>आ.व.२०८१/८२ को चौथो त्रैमासिक १६३.३१, बार्षिक १६१.३४<br>आ.व.२०८२/८३ को प्रथम त्रैमासिक १६४.२६, दोश्रो त्रैमासिक १६४.६४, तेश्रो त्रैमासिक १६६.७६ |

| क्र.सं. | प्रकाशित प्रतिवेदन | प्रमुख सूचक |
|---|---|---|
| | | • त्रैमासिक औद्योगिक उत्पादन सूचकाङ्क (MPI):<br>आ.व.२०८१/८२ को चौथो त्रैमासिक १२७.७८, बार्षिक १२७.२९ आ.व.२०८२/८३ को प्रथम त्रैमासिक १२६.५७, दोश्रो त्रैमासिक १२९.४१, तेश्रो त्रैमासिक १३१.९७ |
| १४ | Small Area Estimation of Poverty, 2023 | • सबैभन्दा बढी गरिबीको दर भएका दश स्थानीय तह (क्रमशः): जुनिचाँदे गा.पा., सोरू गा.पा., ढकारी गा.पा., सिगास गा.पा., कमलबजार गा.पा., राक्सिराङ गा.पा., शिखर न.पा., त्रिवेणी न.पा., कृष्णनगर न.पा. र शिवनाथ गा.पा.<br>• सबैभन्दा कम गरिबीको दर भएका दश स्थानीय तह (क्रमशः): घरपझोङ गा.पा., केराबारी गा.पा., शहीद लखन गा.पा., बुद्धशान्ति गा.पा., हल्दीबारी गा.पा., कमल गा.पा., तिलोत्तमा न.पा., लो घेकर दामोदरकुण्ड गा.पा., नाशो गा.पा. र बन्दीपुर गा.पा. |

# अनुसूची ५

## रोजगारी सिर्जना

| रोजगार प्रदान गरेको कार्यालय | आर्थिक गणना | | श्रमशक्ति | | सहकारी | | तरकारीबाली | | स्वास्थ्य | | यातायात | | शिक्षण/ कुखुरापालन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | दिन | सं. | दिन | सं. | दिन | सं. | दिन | सं. | दिन | सं. | दिन | सं. | दिन |
| रा.त.का. | ४४३२ | ३३२४०० | ८० | १३२०० | २७ | २४३० | | | | | | | ४ | २७० |
| इलाम | | | | | | | १ | ६० | १ | ३० | २ | १२० | | |
| खोटाङ | | | | | | | - | - | - | - | - | - | | |
| मोरङ | | | | | | | १ | ९० | २ | ६० | ३ | ६० | | |
| धनुषा | | | | | | | २ | ९० | १ | ६० | २ | १२० | | |
| पर्सा | | | | | | | २ | ८८ | २ | १०४ | २ | १६५ | | |
| काभ्रे पलाञ्चोक | | | | | | | १ | ६० | - | - | १ | ६० | | |
| मकवान पुर | | | | | | | - | - | २ | ६० | १ | ३० | | |
| काठमाडौं | | | | | | | २ | ८६ | ६ | ४९८ | ५ | २८० | | |
| गोरखा | | | | | | | १ | ६० | - | - | १ | ६० | | |
| कास्की | | | | | | | १ | ९० | १ | ६० | १ | १५० | | |
| बागलुङ | | | | | | | १ | ६० | - | - | - | - | | |
| रूपन्देही | | | | | | | २ | ९० | २ | २९ | २ | ११४ | | |
| पाल्पा | | | | | | | - | - | - | - | - | - | | |
| दाङ | | | | | | | २ | ९० | २ | ६० | ३ | १८० | | |
| जुम्ला | | | | | | | - | - | - | - | - | - | | |
| सुर्खेत | | | | | | | १ | ९० | १ | ९० | १ | ३० | | |
| डोटी | | | | | | | १ | ६० | - | - | १ | ६० | | |
| कैलाली | | | | | | | २ | ४५ | १ | ३० | - | - | | |
| कुल | ४४३२ | ३३२४०० | ८० | १३२०० | २७ | २४३० | २० | १०५९ | २१ | १०८१ | २५ | १४२९ | ४ | २७० |

# अनुसूची ६

# शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको प्रगति स्थिति

| शा.स.का. बुँदा नम्बर | सुधारको विषय (क्षेत्र) | २०८३।०३।११ | मुख्य उपलब्धि | कार्यको स्थिति | |
|---|---|---|---|---|---|
| | | | | कार्यालयको तर्फबाट | सूचक प्रगति |
| २ | भौतिक रूपमा वितरण भइरहेको सूक्ष्म कोरा तथ्याङ्क (microdata) वितरणका लागि अनलाइन विधिबाट आवेदनको व्यवस्था मिलाउने। | भौतिक रूपमा वितरण भइरहेको सूक्ष्म कोरा तथ्याङ्क (Microdata) वितरणका लागि अनलाइन विधिबाट आवेदन प्रणाली datapurchase.nsonepal.gov.np मा host गरिएको। नेपाल सरकारको राजश्व खातामा Online Payment को लागि FCGO बाट API KEY Activate हुन बाँकी रहेको। | डाटा प्रयोगकर्तालि अनलाइनबाट डाटा खरिद गर्न सक्ने जसले समयको बचत हुनुका साथै सहज पहुँचमा वृद्धि हुने। | सम्पन्न | चालु |
| २ | राष्ट्रिय कृषि गणना २०७८ का प्रतिवेदनका तालिका तथा अन्य नतिजाहरू Excel/CSV मा NSO Portal मार्फत उपलब्ध गराउने। | राष्ट्रिय कृषि गणना २०७८ का प्रतिवेदनका राष्ट्रियस्तरको ११६ तालिका, जिल्लास्तरको ११५ तालिका गरी जम्मा २३१ तालिका Excel र CSV मा NSO Portal मा उपलब्ध गराइएको। | कृषि तथ्याङ्कको पहुँच, उपयोगिता तथा प्रयोगमा उल्लेखनीय वृद्धि भएको/हुने। | सम्पन्न | सम्पन्न |
| २ | राष्ट्रिय जनगणना २०७८ का विषयगत प्रतिवेदनमा प्रयुक्त भएका सूचकहरूसँग सम्बन्धित तालिका Excel/CSV मा Census Portal मार्फत उपलब्ध गराउने। | राष्ट्रिय जनगणना २०७८ का १२ वटा विषयगत प्रतिवेदनमा प्रयुक्त भएका सूचकहरूसँग सम्बन्धित ६३३ तालिका Excel मा Census Portal मा उपलब्ध गराइएको। | जनसङ्ख्यिक तथ्याङ्कको पहुँच, उपयोगिता तथा प्रयोगमा उल्लेखनीय वृद्धि भएको/हुने। | सम्पन्न | सम्पन्न |
| २ | राष्ट्रिय आर्थिक गणना, २०७५ का प्रतिवेदनका तालिका Excel/CSV मा NSO Portal मार्फत उपलब्ध गराउने। | राष्ट्रिय आर्थिक गणना, २०७५ का प्रतिवेदनका ६२ तालिका Excel मा NSO Portal मा उपलब्ध गराइएको। | आर्थिक गणनाका तथ्याङ्कमा पँहुच वृद्धि भएको/हुने। | सम्पन्न | सम्पन्न |
| २ | सर्वेक्षणका नतिजा Excel/CSV मा वेवसाइट मार्फत उपलब्ध गराउने। | व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१/८२ को ७० वटा तालिका, NPISHs सर्वेक्षण २०८१ को २३ वटा तालिका, नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को २१८ वटा तालिका, शिक्षण संस्था सर्वेक्षण २०८१ को २ वटा तालिका, गरीबीको लघु क्षेत्र अनुमान २०७९/८० को २ वटा तालिका, नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० को १८६ वटा तालिका, नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ को ९७ वटा नतिजा प्रतिवेदनसँग सम्बन्धित तालिका Excel मा NSO Portal मार्फत उपलब्ध गराइएको। | PDF फर्म्याटमा उपलब्ध हुँदै आएका तथ्याङ्कहरु मेसिन रिडेबल र एडिटेबल फर्म्याटमा डाउनलोड गरी सजिलै प्रयोग गर्न सक्ने हुँदा समग्र प्रयोगकर्तालाई तथ्याङ्क उपयोगमा सहज भएको/हुने। | सम्पन्न | सम्पन्न |
| २ | राष्ट्रिय लेखा अनुमान र मूल्य तथा उत्पादन सूचकाङ्कको Time Series Data Excel/CSV मा NSO Portal मार्फत उपलब्ध गराउने। | राष्ट्रिय लेखा अनुमानको 17 वटा Time Series Data CSV मा तयार गरी NSO Portal मार्फत उपलब्ध गराइएको। वार्षिक राष्ट्रिय लेखाका अनुमान आ.व. २०२०/२१ देखि, त्रैमासिक राष्ट्रिय लेखाको अनुमान आ.व. २०६७/६८ देखि तथा प्रादेशिक राष्ट्रिय लेखाका अनुमान आ.व. २०७५/७६ देखि समावेश गरिएको। | राष्ट्रिय लेखाका अनुमानका तथ्याङ्क प्रयोगकर्तालि सजिलै प्राप्त गर्न सक्ने। | सम्पन्न | सम्पन्न |
| | | आ.व. ०७१/७२ देखिका औद्योगिक उत्पादक मूल्य सूचकाङ्क, निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क, औद्योगिक उत्पादन सूचकाङ्क ०७०/७१ देखिका कृषि उत्पादक मूल्य सूचकाङ्क time series data Excel मा NSO portal मार्फत उपलब्ध गराइएको। | एक दशक बढीको मेसिन रिडेबल मूल्य तथ्याङ्क प्रकाशनले राष्ट्रिय लेखा अनुमान, उत्पादकको तहमा भएको मुद्रास्फीतिको प्रवृत्तिबारे जानकारी र निर्माण क्षेत्रमा मूल्य समायोजन कार्य तथ्यगत भई प्रमाणमा आधारित नीति निर्माणमा टेवा पुऱ्याएको छ। | सम्पन्न | सम्पन्न |
| २ | सर्वेक्षण अनुमतिको आवेदन अनलाइन मार्फत प्राप्त गर्ने व्यवस्था मिलाउने। | सर्वेक्षण अनुमतिको आवेदन अनलाइन मार्फत प्राप्त गर्ने व्यवस्था मिलाइएको। | प्रयोगकर्ताको समय बचत हुनुको साथै सहज पहुँच हुने। | सम्पन्न | सम्पन्न |
| २ | राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उत्पादन भएका विभिन्न गणना/सर्वेक्षणको Meta Data Repository अद्यावधिक गर्न Micro Data Catalogue मा नयाँ गणना/सर्वेक्षणका डाटा अद्यावधिक गर्ने। | नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण, व्यावसायिक कुखुरापालन सर्वेक्षण र नेपाल होटल तथा रेस्टुरेन्ट सर्वेक्षण गरी थप चार वटा नयाँ निर्माण र पुराना छ वटा सर्वेक्षण अद्यावधिक गरी १० प्रकारका डाटा अद्यावधिक गरिएको। | तथ्याङ्क प्रयोगकर्ताहरुलाई उपलब्ध तथ्याङ्कको बारेमा विस्तृत जानकारी प्राप्त भई उत्पादित तथ्याङ्क थप प्रयोगकर्तामैत्री भएको/हुने। | सम्पन्न | सम्पन्न |
| २ | गणना/सर्वेक्षणका सूक्ष्म कोरा तथ्याङ्क मासिने, हराउने, बिग्रने र डाटा संशाधनको जोखिम नियन्त्रण गर्नका लागि गणना/सर्वेक्षणका Data Archiving गर्ने। | NLSS I, NLSSII, NLSSII, NLSS IV, NLFS I , NLFS II, NLFS III, AHS 2013, AHS 2014, AHS 2015, AHS 2016 गरी जम्मा ११ वटा सर्वेक्षको Microdata आन्तरिक सर्भरमा Archiving सम्पन्न गरिएको। | गणना/सर्वेक्षणका सुक्ष्म कोरा तथ्याङ्क संरक्षण भएको। | सम्पन्न | सम्पन्न |
